नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष २८, अंक ३४७ काठमाडौं | २०८० पुस ५ बिहीबार | मंसिर शुक्लपक्ष, नवमी | नेपाल संवत् ११४४ | HIMALAYA TIMES | Thursday 21 December 2023 | पृष्ठ ८ | मूल्य रु ५।-

## सर्वोच्च अदालतमा ६ न्यायाधीश नियुक्त, आज शपथ



**हिमालय टाइम्स**

काठमाडौं, ४ पुस

सर्वोच्च अदालतमा ६ न्यायाधीश नियुक्त भएका छन् । नवनियुक्त न्यायाधीशमा सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुंगाना, सुनीलकुमार पोखरेल र बालकृष्ण ढकाल हुनुहुन्छ । न्यायपरिषद्को सिफारिसमा उहाँहरूलाई राष्ट्रपति रामचन्द्र पौडेलले सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गरेको शीतलनिवासबाट बुधबार प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सुवेदी, मुसलमान, पौडेल र ढुंगाना उच्च अदालतका न्यायाधीश हुनुहुन्छ भने पोखरेल र ढकाल वरिष्ठ अधिवक्ता हुनुहुन्छ । सर्वोच्चमा अझै एक न्यायाधीश पद रिक्त छ । सर्वोच्चमा २१ न्यायाधीशको दरबन्दी छ । लामो समयदेखि न्यायाधीश संख्या अपुग हुँदा न्याय सम्पादनको काम प्रभावित भएको गुनासो हुँदै आएको थियो ।

बुधबार बिहान सिंहदरबारमा बसेको संसदीय सुनुवाइ समितिको बैठकले ६ न्यायाधीशको नाम सर्वसम्मतिले अनुमोदन गरेको थियो । न्यायपरिषद्को सिफारिसपछि उहाँहरूबारे गत मंसिर २४ गतेदेखि संसदीय समितिमा सुनुवाइ अघि बढेको थियो । न्यायपरिषद्ले मंसिर ५ गते उहाँहरूको नाम सिफारिस गरी संसदीय अनुमोदनका लागि पठाएको थियो ।

## सरकारले तोक्यो उखुको मूल्य



**हिमालय टाइम्स**

काठमाडौं, ४ पुस

सरकारले उखुको खरिद मूल्य निर्धारण गरेको छ । बुधबार बिहान सिंहदरबारस्थित नयाँ भवनको बैठक कक्षमा बसेको पहिलो मन्त्रिपरिषद् बैठकले उखुको खरिद मूल्य निर्धारण गरेको हो । उखुको खरिद मूल्य ५६५ रुपैयाँ, अनुदानसहित किसानले ६३५ रुपैयाँ पाउनेछन् । सरकारको प्रवक्तामसेत रहनुभएकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार अब उद्योगहरूले प्रतिक्विन्टल ५६५ रुपैयाँका दरले उखु खरिद गर्नेछन् भने सरकारले किसानलाई थप ७० रुपैयाँ अनुदान दिनेछ । यसरी किसानले पाउने मूल्य प्रतिक्विन्टल ६३५ रुपैयाँ हुनेछ ।

बैठकमा अन्य विषयहरूमा छलफल नभएको र बिहीबार बस्ने नियमित बैठकमै अरू विषयहरूमाथि छलफल हुने सञ्चारमन्त्री शर्माले जानकारी गराउनुभयो । 'प्रधानमन्त्रीले कार्यभार सम्हालेको एक वर्ष पुग्दै

» पृष्ठ २ मा क्रमशः

# 'फास्ट ट्र्याक'को सुस्त गति

## साढे ६ वर्षमा २८ दशमलव ५६ प्रतिशत प्रगति




**डिबी शर्मा/हिटा**

काठमाडौं, ४ पुस

काठमाडौं-तराई/मधेश द्रुतमार्ग निर्माण सुरु भएको साढे ६ वर्षमा करिब ५३ अर्ब रुपैयाँ खर्च गरेको छ । हालसम्म ५२ अर्ब ८६ करोड रुपैयाँ खर्च भए पनि भौतिक प्रगति भने न्यून छ । द्रुतमार्ग निर्माणको जिम्मेवारी पाएको नेपाली सेनाका अनुसार साढे ६ वर्षको अवधिमा भौतिक प्रगति मात्र २८.५६ प्रतिशत पुगेको छ । द्रुतमार्ग निर्माणको काम नेपाली सेनाले गरिरहेको छ । २०७४ वैशाख २१ गतेको मन्त्रिपरिषद्को निर्णयबाट द्रुतमार्ग निर्माणको जिम्मेवारी नेपाली सेनालाई दिइएको थियो । २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले द्रुतमार्ग निर्माण कार्यको शुभारम्भ गर्नुभएको थियो ।

राज्य व्यवस्था तथा सुशासन समितिको बुधबार बसेको बैठकमा नेपाली सेनाका प्राविधिक महासेनानी एवं योजना तथा डिजाइन महाशाखा प्रमुख भरतलाल श्रेष्ठले पेस गरेको विवरणअनुसार द्रुतमार्गको लम्बाइ ७०.९७७ किलोमिटर छ । २०८३ चैत मसान्तसम्म अवधि रहेको आयोजनाको कुल लागत दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ रहेको छ । द्रुतमार्गको सुरुवाती लक्ष्य २०८० असार मसान्त रहेको थियो । तर, खोकनामा रहेको विवाद सल्ट्याउन नसक्नु तथा कोभिडसहितका विभिन्न कारण देखाउँदै आयोजनाको म्याद थप भइरहेको छ ।

सेनाले सार्वजनिक गरेको विवरणअनुसार चालु आर्थिक वर्ष (आव) २०८०/८१ मा भने द्रुतमार्गको भौतिक प्रगति ३२.६६ प्रतिशत पुगेको छ । वित्तीय प्रगति १०.८ प्रतिशत छ । द्रुतमार्गको काम सुस्त गतिमा भइरहेको भन्दै सांसदहरूले आलोचना गरेका छन् । तर, सेनाले भने कोरोना महामारी र आवश्यक बिस्फोटक पदार्थ समयमै उपलब्ध नहुँदा द्रुतमार्ग निर्माण कार्य योजनाअनुसार अघि नबढेको दाबी गरेको छ ।

द्रुतमार्गमा ६ स्थानमा सुरुङमार्ग बन्दै छ ।

» पृष्ठ २ मा क्रमशः

### ५२ अर्ब ८६ करोड खर्च

द्रुतमार्गमा अहिलेसम्म ५२ अर्ब ८६ करोड रुपैयाँ खर्च भइसकेको सेनाले जनाएको छ । जसमध्ये तीन अर्ब ६७ करोड रुपैयाँ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गरेको हो । सबैभन्दा धेरै खर्च आर्थिक वर्ष २०७९/८० मा १४ अर्ब ९४ करोड रुपैयाँ भएको थियो । आव २०७८/७९ मा आठ अर्ब ७४ करोड रुपैयाँ खर्च भएको थियो । चालु आवका लागि आयोजनालाई २२ अर्ब ५० करोड ३८ लाख रुपैयाँ विनियोजन भएको छ ।

नेपाली सेनाको विवरणअनुसार आर्थिक वर्ष २०७३/०७४ मा एक अर्ब ३४ करोड रुपैयाँ, २०७४/०७५ मा सात अर्ब ६३ करोड रुपैयाँ, २०७५/०७६ मा पाँच अर्ब ७३ करोड रुपैयाँ, २०७६/०७७ मा एक अर्ब ५३ करोड रुपैयाँ, २०७७/०७८ मा ६ अर्ब ८४ करोड रुपैयाँ, २०७८/०७९ मा आठ अर्ब ७४ करोड रुपैयाँ र २०७९/०८० मा १४ अर्ब ९४ करोड रुपैयाँ द्रुतमार्ग निर्माणमा खर्च भइसकेको छ ।

यस्तै, चालु आर्थिक वर्ष २०८०/०८१ को मंसिरसम्म द्रुतमार्ग निर्माणमा दुई अर्ब ४३ करोड रुपैयाँ खर्च भइसकेको सेनाले जनाएको छ । द्रुतमार्ग निर्माणमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तीन अर्ब ६७ करोड रुपैयाँ खर्च गरेको छ । चालु आर्थिक वर्ष २०८०/०८१ का लागि सरकारले द्रुतमार्गको लागि २२ अर्ब ५० करोड ३८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

### बिस्फोटक पदार्थ आयात नहुँदा ढिलाइ

नेपाली सेनाले आयोजनाका कोभिड-१९ महामारीदेखि भारतले बिस्फोटक पदार्थको आयातमा लगाएको रोकसम्मलाई समस्याका रूपमा लिएको छ । कोभिड महामारीका कारण भएको ढिलाइलाई मिलान गर्दा चार महिना समय व्यतित भएको सेनाले उल्लेख गरेको छ । भारतबाट आयात हुनुपर्ने बिस्फोटक पदार्थको आयात रोकिँदा पाँच महिना समय व्यतित भएको थियो । भारतबाट अहिले पनि यस्तो वस्तु आउन सकेको छैन । अहिले चीनबाट आपूर्ति गरी काम भइरहेको सेनाले जनाएको छ । यो प्रक्रियाले समेत पाँच महिना समय लम्बिएको सेनाको भनाइ छ । सडक निर्माणमा प्रयोग हुने बालुवा, गिट्टी, ढुंगालगायत नदीजन्य निर्माण सामग्रीको अभावलाई समेत सेनाले अर्को कारण मानेको छ । निजगढ इन्टरचेन्जको डिजाइन परिवर्तन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रस्ताव गरेको र यसले अन्योल सिर्जना भएको समेत सेनाको भनाइ छ ।

### समयमै काम सम्पन्न गर्न राज्य व्यवस्था समितिको निर्देशन

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले थपिएको म्यादभित्र फास्ट ट्र्याकको निर्माण सक्न नेपाली सेनालाई निर्देशन दिएको छ । बुधबार बसेको बैठकमा प्रधान सेनापति प्रभुराम शर्मालाई बोलाएर म्यादभित्र काम सक्न निर्देशन दिएको हो । आयोजनाको म्याद २०८३ चैतसम्म छ । समितिले आयोजना निर्माणमा रहेका अवरोध हटाउने विषयमा प्रधानमन्त्री, रक्षामन्त्रीलगायत अन्य सरोकारवाला मन्त्रालयका मन्त्री र सचिवलाई बोलाएर छलफल गर्ने निर्णय पनि गरेको छ । समितिले पूरक वातारणीय शून्य मूल्यांकनको समयसीमा तोकी रूख कटानका लागि आवश्यक सहजीकरण गर्न वन तथा वातावरण र जग्गा प्राप्तिको काममा सहजीकरणका लागि अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ । बैठकले सेनाबाट अनुरोध भएअनुसार प्राविधिक र अन्य आवश्यक सहयोग गर्न भौतिक पूर्वाधार मन्त्रालयलाई निर्देशन दिएको छ । आयोजनाका ठेकेदार कम्पनीबारे उठेको प्रश्नमा रक्षा मन्त्रालयसँग जवाफ माग्ने निर्णय गरेको छ ।

### उमेर विवादबारे प्रधान सेनापति र सांसदहरूबीच सवाल-जवाफ

जन्ममिति र प्रमाणपत्रबारे विवादमा मुछिएका नेपाली सेनाका जर्नेल ताराध्वज पाण्डेबारे प्रधान सेनापति प्रभुराम शर्मा र सांसदहरूबीच सवाल-जवाफ भएको छ । बुधबार राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा प्रधान सेनापति र सांसदहरूबीच पाण्डेबारे सवाल-जवाफ भएको हो ।

सांसद रघु पन्तले ताराध्वजको प्रमाणपत्रबारे बाहिर आएका चर्चा र वास्तविकता के हो ? भन्दै प्रधान सेनापतिलाई प्रश्न गर्नुभएको थियो । सेनाले गरेको छानविन दूधको दूध, पानीको पानी नभएको भन्दै यसले सेनामाथि गम्भीर आशंका जन्माएको उहाँले बताउनुभयो । 'उमेर सम्बन्धमा तपाईंहरूको रेकर्ड के छ ? राति पाँच घण्टासम्म हेडक्वार्टर राखेर

» पृष्ठ २ मा क्रमशः



### ६ वर्षको प्रगति उद्देश्यअनुसार भएन : थापा

नेपाली कांग्रेसका सांसद गगन थापाले सेनाले परिभाषित जिम्मेवारी गर्ने कि पूर्वाधार निर्माण भन्ने गम्भीर प्रश्न उठेको बताउनुभएको छ । राजनीतिक

» पृष्ठ २ मा क्रमशः



### खोकनाको विवाद छिटो टुंग्याउनुपर्छ : पन्त

नेकपा एमालेका सांसद रघुजी पन्तले द्रुतमार्ग निर्माणका क्रममा देखिएको खोकनाको विवाद छिटो टुंग्याउनुपर्ने बताउनुभयो । खोकनामा धेरै

» पृष्ठ २ मा क्रमशः



### फास्ट ट्र्याक होइन चिप्ले किरा वा कछुवा ट्र्याक भन्नुपर्छ : लामिछाने

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति तथा सांसद रवि लामिछानेले फास्ट ट्र्याक निर्माण कछुवा गतिमा अघि बढिरहेको

» पृष्ठ २ मा क्रमशः



### प्रगति जति हुनुपर्ने हो, त्यति देखिएन : पाण्डे

नेकपा (एकीकृत समाजवादी)का सांसद राजेन्द्र पाण्डेले काठमाडौं-तराई मधेश द्रुतमार्ग प्रगति सन्तोषजनक नभएको बताउनुभयो । उहाँले २०८३ चैतभित्र

» पृष्ठ २ मा क्रमशः



### सेनालाई मात्र दोष दिने ठाउँ छैन : चौरसिया

सांसद अजयकुमार चौरसियाले भने फास्ट ट्र्याकमा सेनालाई मात्र दोष दिने ठाउँ नभएको बताउनुभयो । पहिला टेण्डर पाएको कम्पनीलाई काम

» पृष्ठ २ मा क्रमशः



### कानुन संशोधन नगरे २०८३ मा फास्ट ट्र्याक बन्दैन : प्रधान सेनापति

प्रधान सेनापति प्रभुराम शर्माले काठमाडौं-तराई फास्ट ट्र्याक बनाउन हाल प्रचलित कानुनहरूले रोकेको बताउनुभएको छ । राज्य व्यवस्था तथा सुशासन समितिको

» पृष्ठ २ मा क्रमशः

## अख्तियारद्वारा सरकारी निकायलाई ४८ बुँदे निर्देशन



**हिमालय टाइम्स**

काठमाडौं, ४ पुस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारका निकाय र सार्वजनिक संस्थानहरूका नाममा ४८ बुँदे निर्देशन जारी गरेको छ । गत मंसिर ६ र ७ गते सरकारका नियामक निकाय र सार्वजनिक संस्थानका पदाधिकारीसँग अन्तरक्रिया गरेपछि अख्तियारले बुधबार ४८ बुँदे निर्देशन जारी गरेको हो ।

'बिना प्रतिस्पर्धा वा आवश्यकता बेगर सार्वजनिक खरिद ऐन वा नियमावलीको सीमाभित्र पारी परामर्श सेवा सोझै खरिद गरी सार्वजनिक स्रोतको दुरुपयोग गर्ने कार्य बन्द गर्ने', अख्तियारले भनेको छ । प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको नक्कल गरी साभार गर्ने प्रवृत्ति नियन्त्रण गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न पनि अख्तियारले निर्देशन दिएको छ । 'बोलपत्र मूल्यांकनमा प्रतिस्पर्धालाई सीमित गर्ने गरी भेण्डर लक हुन नदिने व्यवस्था मिलाउने', अख्तियारले भनेको छ, 'प्रतिस्पर्धालाई निषेध गर्ने गरी एउटै आयोजना टुक्रा-टुक्रा पारी एउटै वर्षमा फरक-फरक पार्टीमार्फत वा विभिन्न वर्षमा गरी सोझै खरिद गर्ने कार्य बन्द गर्ने ।'

परामर्शदाताले दिएको गलत ड्इङ डिजाइनका कार्यबाट हुने हानि नोक्सानीलाई कानुनी कारबाहीको दायरामा ल्याउन अख्तियारले भनेको छ । यस्तै, परामर्शदाताले दिने जुनसुकै प्रतिवेदन सम्बन्धमा निजलाई नै जिम्मेवार बनाउने गरी सम्झौतापत्रमा स्पष्ट रूपमा सर्तहरू उल्लेख गर्ने व्यवस्था मिलाउन अख्तियारको निर्देशन छ ।

'लाभ लगत विश्लेषणसहित सञ्चालन योजना बनाएर मात्र निर्माणजन्य खरिद सम्झौता गर्ने, अनावश्यक रूपमा सामग्री, सफ्ट्वेयर, कच्चा पदार्थ, उपकरणलगायत खरिद नगर्ने, कुनै यन्त्र उपकरणको खरिद गर्दा सोको नियमित सञ्चालनको सुनिश्चितताको लागि आवश्यक पार्टपुर्जा केही

» पृष्ठ २ मा क्रमशः

### कांग्रेसमा वरीयता विवाद

## मर्यादाक्रमलाई लिएर मधेश सम्मेलनमा किचलो, आठ नेताको 'नोट अफ डिसेन्ट'

- गण्डकी प्रदेश सम्मेलनमा ब्यानरकै विषयमा विवाद
- पत्रकारिता र देश दुवैतिर सुधार जरुरी : सभापति देउवा
- राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदाता नामावली स्वीकृत




**अनिल क्षेत्री/हिटा**

काठमाडौं, ४ पुस

नेपाली कांग्रेसमा नेताहरूको वरीयता विवाद सार्वजनिक रूपमै तल्लो तहसम्म देखिन थालेको छ । पार्टी सभापति शेरबहादुर देउवापछि कांग्रेसभित्र संस्थापनइतर समूहको नेतृत्व गरिरहनु भएका केन्द्रीय सदस्य डा.शेखर कोइरालालाई वरीयताक्रममा नराख्दा मधेश प्रदेश कार्यसमितिमा विवाद भएको हो । सम्मलेनको उद्घाटनमा डा.शेखरलाई विशिष्ट अतिथि बनाउने विषयमा कुरा नमिलेपछि कोइराला पक्षीय आठजना नेताले फरक मत राखेका छन् । उनीहरूले देउवापछि कोइरालालाई मर्यादाक्रममा राख्न कांग्रेसको मधेश प्रदेश समितिको ध्यानाकर्षणसमेत गराएका छन् । आजदेखि जनकपुरको तिरहुतिया गाँछीमा सुरु हुने कांग्रेसको मधेश प्रदेश सम्मेलनको उद्घाटन पार्टी सभापति देउवाले गर्ने तय भएको छ ।

मधेश प्रदेश सम्मेलन उद्घाटन समारोहमा सभापति देउवापछि मर्यादाक्रममा कोइरालालाई राखेको छैन । बुधबार बसेको कांग्रेसको मधेश प्रदेश समितिको बैठकले देउवापछि पार्टीका उपाध्यक्ष पूर्णबहादुर खड्कालाई आशनग्रहण गराउने गरी मर्यादाक्रम मिलाएको छ । कोइरालालाई भने केन्द्रीय सदस्यको हैसियतमा आशनग्रहण गराइने बैठकले निर्णय गरेको छ ।

कांग्रेस मधेश प्रदेशका सदस्य एवं कोइराला पक्षका नेता रविनराज कोइरालाले भन्नुभयो, 'हामीले शेखर दाइलाई दोस्रो मर्यादामा राख्न बैठकमा कुरा राख्यौं । तर, हाम्रो कुराको सुनुवाइ भएन । मर्यादाक्रमको निर्णय भइसकेको भनियो । शेखरदाइलाई दोस्रो मर्यादामा राख्न हामीले अडान लिएपछि प्रदेश सभापतिज्यूले पहिला सम्मेलन सफलतापूर्वक सकौं, पछि बसेर यस विषयमा छलफल गरौंला भनेर तर्किनुभयो । सम्मेलनमा सहभागी हुन शेखरदाइ बिहीबार बिहानै जनकपुर आइपुग्ने कार्यक्रम थियो । तर, यही किचलोले उहाँ अब नआउन पनि सक्नुहुन्छ ।'

कांग्रेस मधेश प्रदेश समितिमा

» पृष्ठ २ मा क्रमशः

### सम्मान गर्न लायक कृष्णप्रसाद र कुलप्रसाद

■ डा.शान्तिकृष्ण अधिकारी

अर्का सत्पात्र कुलप्रसाद कोइराला पनि नेपालमा प्रजातन्त्रको स्थापनार्थ त्यसैगरी संघर्ष गरेका व्यक्ति हुन् । जति संघर्ष गरेका थिए त्यति नै फल प्राप्त गरे कि गरेनन् थाहा छैन तर यिनले भने नेपालको दोस्रो विश्वविद्यालय नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति हुने अवसर भने पाए ।

पृष्ठ ४

हिमालय टाइम्स | चसक्क!




महेश बस्ताकोटी



# बागलुङ महोत्सवमा 'मेड इन बागलुङ'को प्रदर्शन

**डम्मर बुढा मगर/हिटा**

बागलुङ, ४ पुस



सातौं बागलुङ महोत्सवमा 'मेड इन बागलुङ'को प्रदर्शन हुने भएको छ। बागलुङ महोत्सवको मुख्य आयोजक संस्था बागलुङ उद्योग वाणिज्य संघले बागलुङमा उत्पादन भएका वस्तुहरूको विशेष प्रदर्शन र बिक्री वितरण गर्ने व्यवस्था मिलाउने जनाएको छ। स्थानीय उत्पादनका वस्तुहरूको बजारीकरणका लागि विशेष स्टल व्यवस्थापन गरेर त्यसको प्रचारप्रसार र बिक्री वितरणको प्रबन्ध गर्न लागिएको बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष नरेश कँडेलले बताउनुभयो।

बागलुङमा उत्पादन भएका अल्लोका कपडा, दमेकमा उत्पादन भएको गुन्द्रुक, भाङ्गो, टिमुर, ताराखोलाको आलु, बिहुँ र सिगानाका सुन्तला लगायतका अन्य वस्तुहरूको प्रवर्द्धन र बिक्री वितरणको व्यवस्थापन मिलाउने उहाँ बताउनुहुन्छ। 'ब्राण्डिङको काम नहुँदा बागलुङका धेरै उत्पादनहरू बाहिरको बजारमा लैजान अहिलेको सम्भव छैन, तर उपभोक्तालाई जानकारी गराउन सकेको खण्डमा उहाँहरूले सिधै उत्पादकसँग खरिद गर्ने वातावरण बन्छ र त्यसको बजारीकरणमा टेवा पुग्छ भन्ने हामीले ठानेका छौं,' उहाँले भन्नुभयो।

स्थानीय वडा कार्यालयसँगको सहकार्यमा सिगाना र बिहुँको सुन्तला ग्रेडिङ गरेर एक दिनभरि 'सुन्तला एक्स पो' गर्ने कँडेलले जानकारी दिनुभयो। बागलुङ बिहुँ र सिगानाका सुन्तला देशकै स्वादिष्ट सुन्तलामध्ये पर्ने भएकाले विभिन्न जिल्लाका व्यवसायीले बुटामै ठेक्का लिएर लैजाने गरेका छन्। महोत्सवले सुस्ताउँदै गएको बागलुङ बजारलाई आर्थिक रूपमा चलायमान गराउने अपेक्षा राखिएको अध्यक्ष कँडेलले बताउनुभयो।

सातौं बागलुङ महोत्सव यसपटक पुस ११ देखि २१ गतेसम्म धौलागिरि क्याम्पसको प्रांगणमा हुँदै छ। महोत्सवलाई गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेलाको रूपमा सञ्चालन गर्ने आयोजकले जनाएको छ। 'पर्यटन, कृषि, कला संस्कृति, उद्योग र व्यापार, समुन्नत बागलुङ निर्माणको आधार' भन्ने नाराका साथ गर्न लागिएको महोत्सवमा १२० व्यावसायिक स्टल, ३० वटा प्रवर्द्धनात्मक स्टल तथा मेड इन बागलुङ स्टल रहनेछ। अहिलेसम्म ५० प्रतिशत स्टल बुकिङ भइसकेको बागलुङ उद्योग वाणिज्य संघका महासचिव ऋषिराम गौतमले जानकारी दिनुभयो।

महोत्सवमा खुल्ला राष्ट्रिय दोहोरी तथा लाइभ दोहोरी गीत, पालिकास्तरीय खुल्ला पुरुष भलिबल प्रतियोगिता, खुल्ला महिला भलिबल प्रतियोगिता, खुल्ला भजन प्रतियोगिता, युवा उद्यमी सम्मेलन, विभिन्न झाँकी प्रदर्शनी र राष्ट्रिय कलाकारको सांगीतिक प्रस्तुति रहने बागलुङ उद्योग वाणिज्य संघका प्रेस सल्लाहकार सुवास आचार्यले जानकारी दिनुभयो। यसपटक दोहोरी प्रतियोगिता नगरी यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ विषयवस्तु दिएर कलाकारहरूलाई लाइभ दोहोरी प्रस्तुत गर्न लगाउने बताइएको छ।

मेलाको समयमा पर्ने अंग्रेजी नयाँ वर्ष २०२४ को अवसरमा 'न्यु एयर इभ'को रूपमा लाइभ डिजे कन्सर्ट हुने प्रेस सल्लाहकार आचार्यले जानकारी दिनुभयो। महोत्सव पर्ने अग्रेजी नयाँ वर्षको उपलक्ष्यमा धेरैभन्दा धेरै पर्यटकहरूलाई बागलुङ भित्र्याउने लक्ष्य रहेको छ। महोत्सव अवधिभर महोत्सव स्टलभित्र १० करोड बढीको कारोबार हुने अपेक्षा लिइएको बागलुङ उद्योग वाणिज्य संघका कोषाध्यक्ष नवीन श्रेष्ठले जानकारी दिनुभयो।

महोत्सवबाट संकलित रकमले पाँच लाख बराबरको 'बागलुङ उद्योग वाणिज्य संघ सदस्य कल्याणकारी कोष-२०८० ' स्थापना गरिने, धवलागिरि बहुमुखी क्याम्पसको 'गरिब, विपन्न तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति कोष'मा सहयोग गरिने, 'व्यवसायी एकता, बलियो संघ' अक्षयकोष निर्माण गर्ने, 'हाम्रो सुरक्षा, हाम्रो दायित्व' सिसी क्यामेरा जडान र मर्मत कार्यलाई निरन्तरता दिने, महोत्सवको मुनाफाबाट बागलुङ कोसेली घर सञ्चालन गरिने लक्ष्य राखिएको वरिष्ठ उपाध्यक्ष राजनकुमार शाक्यले जानकारी दिनुभयो।

महोत्सवमा प्रवेशका एक सय रुपैयाँको टिकट व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिकलगायत अपांगता भएकाहरूलाई नि:शुल्क प्रवेश दिइनेछ भने अध्ययनका लागि समूहमा आउने विद्यार्थीलाई पनि नि:शुल्क प्रवेश दिइनेछ। महोत्सवमा टिकट काट्ने जिम्मा नेपाल पत्रकार महासंघ बागलुङलाई जिम्मा दिइएको र एक टिकट बराबर पाँच रुपैयाँ 'पत्रकार महासंघको संस्थागत विकास'मा सहयोग गर्ने निर्णय गरिएको आयोजकले जनाएको छ। मेलाको उद्घाटन पुस ११ गते राष्ट्रपति रामचन्द्र पौडेलले गर्ने तय भएको छ। राष्ट्रपतिको बागलुङ कालिका दर्शन र पञ्चकोट भ्रमणपछि दिउँसो १ बजे महोत्सव उद्घाटन हुने आयोजकले जनाएको छ।

## 'फास्ट ट्र्याक'...

« पृष्ठ १ बाट क्रमशः

सुरुङमार्गको लम्बाइ १०.०५५ किलोमिटर रहेको सेनाले जनाएको छ। देवीचौर एक किलोमिटर, सिसौटार ०.३९ किलोमिटर, चन्द्राम भीर २.२५ किलोमिटर, महादेवडाँडा ३.३५५ किलोमिटर, धेद्रे १.६३० किलोमिटर र लेनडाँडा १.४३ किलोमिटर लामो रहेका छन्। आयोजनामा कुल ८९ वटा पुल बन्नेछन्। जसको लम्बाइ १२.८८५ किलोमिटर हुन आउँछ। आयोजनामा दुई स्थानमा विश्राम स्थल र ३ स्थानमा इन्टरचेन्ज रहनेछन्। आयोजना निर्माण सम्पन्न भएपछि काठमाडौंबाट निजगढको यात्रा एक घण्टा दुई मिनेटमा छोटिनेछ।

फास्ट ट्र्याकको कामलाई कुल १३ वटा प्याकेजमा विभाजन गरिएको सेनाले जनाएको छ। जसमध्ये सातवटा प्याकेजको काम जारी छ। पाँचवटा प्याकेजको खरिद प्रक्रिया चलिरहेको छ। एउटा प्याकेज भने खोकना खण्ड हो। यो स्थानमा विवाद भएसँगै प्याकेजको काम पुनरवलोकनका लागि विस्तृत सम्भावना अध्ययनका लागि रिसर्च एण्ड ट्रेनिङ युनिट, पुल्चोक क्याम्पससँग सम्झौता भएको सेनाको भनाइ छ।

## ६ वर्षको प्रगति...

« पृष्ठ १ बाट क्रमशः

निर्णयको उत्तर समितिमा खोजेर नहुने उहाँले बताउनुभयो। 'सेनाले परिभाषित जिम्मेवारी गर्ने कि पूर्वाधार निर्माण ? भन्ने गम्भीर प्रश्न उठेको छ, यसको उत्तर हामीले खोज्नुपर्छ,' उहाँले भन्नुभयो, 'राजनीतिक निर्णयको उत्तर अहिले समितिमा खोजेर हुँदैन।'

सांसद थापाले सेनाले समयमै सक्छ भनेर फास्ट ट्र्याक सुम्पिइएको तर ६ वर्षको प्रगति हेर्दा त्यो उद्देश्य पूरा नभएको बताउनुभयो। 'पारदर्शितामा सेना मात्रै होइन सबै पक्ष गम्भीर हुनुपर्छ। सेना संस्था हो, त्यसको जवाफदेहिता हेरिनुपर्छ। महालेखाले उठाएका प्रश्नको समाधान हुनुपर्छ,' उहाँले भन्नुभयो। सांसद थापाले खोकना विवाद सरकारले मन्त्रिपरिषद्बाट निर्णय गरेर टुंग्याउनुपर्ने सुझाव दिनुभयो।

## खोकनाको विवाद...

« पृष्ठ १ बाट क्रमशः

समस्या देखिएको बताउँदै त्यहाँको बारेमा विकल्प खोज्नुपर्ने हो वा पुरानैमा सहमति गर्ने छिटो टुंग्याउनुपर्ने बताउनुभयो। 'सुरुको बिन्दुमा खोकनामा धेरै समस्या देखियो भन्नुभएको छ। यही रेखांकन खोकनाको विकल्प हुन सक्दैन ? म त्यहींबाट चुनावमा उठेको, त्यहाँका बासिन्दाको विरोध छ,' उहाँले भन्नुभयो, 'विकल्प खोज्नुपर्ने हो वा पुरानै त्यसमा छिटो टुंगोमा पुगोस्।' भारतले बिस्फोटक पदार्थको रोकेको कुरा आएको बताउँदै किन रोकिएको हो त्यसबारे सेनाले प्रष्ट पार्नुपर्ने उहाँले बताउनुभयो। 'जाबो बाटो बनाउन पनि बारुद आएन भनेर हुन्छ ? ट्र्याक बनाउन भौतिक पूर्वाधार मन्त्रालयले सहयोग गरेको छ कि छैन ? निजगढको विषयमा क्यानको कुरा उठेको छ ? ठेक्का सम्बन्धमा बोलपत्र दाताको प्राविधिक बोलपत्र आशय खोल्दा सार्वजनिक खरिद ऐनअन्तर्गत भएको छ कि छैन ?' सांसद पन्तले प्रश्न गर्नुभयो।

## फास्ट ट्र्याक होइन...

« पृष्ठ १ बाट क्रमशः

टिप्पणी गर्नुभएको छ। सेनाले हालसम्म गरेको कामको विवरण सन्तोषजनक नभएको उहाँले बताउनुभयो। 'राज्यले सोचेको सेनाको परिकल्पना र भूमिकाबारे हामी गम्भीर छौं। तर, ठेक्कापट्टाबारे निर्मम भएर छलफल गर्नुपर्छ,' उहाँले भन्नुभयो, 'अहिले सेनाले पेस गरेको रिपोर्ट हेर्दा फास्ट ट्र्याक होइन चिप्ले किरा ट्र्याक वा कछुवा ट्र्याक भन्नुपर्छ।' फास्ट ट्र्याक निर्माण गर्दा प्राचीन सहर खोकना मास्न नहुनेमा समेत उहाँले जोड दिनुभयो। सेनाको आफ्नै क्षमता २२ किलोमिटर सडक मात्रै खोल्ने देखिएको बताउँदै बाँकी अरू कम्पनीलाई दिएको पाइएको उहाँले बताउनुभयो। 'मूल ठेकेदार सेना र अन्य कम्पनी उपठेकेदार भएको देखियो,' उहाँले भन्नुभयो। सांसद लामिछानेले सेनालाई विवादमा ल्याउन भने नहुने बताउनुभयो।

## प्रगति जति...

« पृष्ठ १ बाट क्रमशः

निर्माण सम्पन्न हुनेमै आशंका व्यक्त गर्नुभयो। 'आजको कामको स्पिड हेर्दा ८३ चैतमा काम सम्पन्न गरेर दिनुहोला ? हुन्छ जस्तो मलाई लागेन,' उहाँले भन्नुभयो, 'प्रगति जति हुनुपर्ने हो, त्यति देखिएन।'

## सेनालाई मात्र...

« पृष्ठ १ बाट क्रमशः

गर्न नदिँदा अहिले ढिलाइ भएको उहाँले बताउनुभयो। नेपालमा हुने राजनीतिले काममा ढिलाइ भएको उहाँको भनाइ थियो। 'पहिला टेण्डर पाएको कम्पनीलाई हामीले काम गर्न दिएनौं। त्यसमा हामी, सरकार, मिडिया र अलिअलि अदालत पनि दोषी छ,'उहाँले भन्नुभयो, 'हाम्रो मुलुकमा अलि बढी प्रजातान्त्रिक अभ्यास हुन्छ, राजनीति बढी हुन्छ। यसले काम ढिलो हुन्छ।'

## कानुन संशोधन...

« पृष्ठ १ बाट क्रमशः

बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिने क्रममा उहाँले फास्ट ट्र्याक निर्माणका लागि त्यही अनुसारको कानुनी व्यवस्था हुनुपर्ने बताउनुभयो। 'फास्ट ट्र्याक बनाउनुपर्थ्यो भने फास्ट ट्र्याकमा नियम पनि दिनुपर्थ्यो, चारवटा रूख काट्न नौ महिना लगाइदिएको छ, कसको गल्ती, म कसैको गल्ती भन्दिनँ, यो हजुरहरूले बनाएको नियम हो', शर्माले भन्नुभयो।

आफूले गएको वैशाखमा प्रधानमन्त्री र रक्षामन्त्रीलाई काट्नुपर्ने भनेर देखाएको रूख अहिलेसम्म काट्न नसकेको शर्माले बताउनुभयो। 'खै त फास्ट ट्र्याकमा नियम दिन सक्नुभएको ? काम चाहिँ फास्ट ट्र्याकमा गर्नुस् भन्ने नियम कानुन चाहिँ २०१७ सालदेखिको देखाउनुहुन्छ,' उहाँले भन्नुभयो, यही तालले हो भने २०८३ सालसम्म पनि बन्दैन।'

फास्ट ट्र्याक निर्माणका लागि वन ऐनमा रहेको रूख काट्ने प्रावधानसँगै जग्गा प्राप्ति ऐन संशोधन गर्नैपर्ने उहाँले बताउनुभयो। 'जमिन सरकारको छैन, जनताको सम्पत्ति लुटेर खान पाइँदैन, जनतालाई उसले भनेको रकम दिएर मात्र लिन पाइन्छ। सरकारी भाउ एउटा छ, बजार भाउ अर्को छ,' उहाँले भन्नुभयो, 'यस्ता समस्या समाधान नभएर ढिला भएको हो।'

विगतमा वातावरण संरक्षणका लागि बनाइएको कडा कानुनले अहिले विकास निर्माणमा अवरोध पुगिरहेको शर्माले बताउनुभयो। २०८३ सालमा काठमाडौंबाट निजगढसम्म गाडी चल्ने बनाउन सकेमा पनि उपलब्धि मान्नुपर्ने सेनापति शर्माले बताउनुभयो।

## उमेर विवादबारे...

« पृष्ठ १ बाट क्रमशः

राजीनामा दिन बाध्य पारियो भन्ने छ यो के हो ?', उहाँले प्रश्न गर्नुभयो। पन्तपछि बोल्नुभएका सांसद राजेन्द्र पाण्डेले राजीनामा दिँदैमा उन्मुक्ति पाइन्छ ? भनेर प्रश्न गर्नुभयो। सवालमा प्रधान सेनापति शर्माले ताराध्वज पाण्डेको बढुवा सिफारिस नभएको बताउनुभयो। 'बढुवा सूचना प्रकाशित गरेको हो। त्यसमा उमेर मात्र होइन, बोलाइ लेखाइ खुवाइ, साइक्राटिक छ कि भनेर सातदिने सूचना निकालिएको हो। त्यो पत्रपत्रिकामा आयो,' उहाँले भन्नुभयो। शर्माले अर्का जर्नेल अशोक सिग्देलको पनि नागरिकता हेरेको बताउनुभयो। सवाल-जवाफको अन्तिमतिर प्रधान सेनापति शर्माले आफू सिपाही भए पनि आज प्राविधिक, डाक्टर र प्रोफेसर बनाइएको बताउनुभयो।

# पूर्वमन्त्री यज्ञराज न्यौपानेको निधन



**काठमाडौं**। नेपाल सरकारका पूर्वसूचना तथा सञ्चार सहायक राज्यमन्त्री यज्ञराज न्यौपानेको निधन भएको छ। कलेजो रोगले ग्रसित न्यौपानेको उपचारका क्रममा बुधबार बिहान ४ बजे भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रमा निधन भएको हो। मिर्गौला रोगपीडितसमेत रहनुभएका पूर्वमन्त्री न्यौपानेको उपचारका क्रममा अस्पतालमै निधन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ। न्यौपानेको तीन महिनादेखि भक्तपुरको मानव अंग प्रत्यारोपण केन्द्रमा उपचार भइरहेको थियो। उहाँका श्रीमति, दुई छोरा र तीन छोरी हुनुहुन्छ।

विसं २०५१ मा कालीकोटमा नेकपा (एमाले)बाट प्रतिनिधिसभामा निर्वाचित न्यौपाने सूचना तथा सञ्चार सहायक राज्यमन्त्री हुनुभएको थियो। उहाँ मनमोहन अधिकारीको नौ महिने सरकारमा सूचना तथा सञ्चार सहायकमन्त्री बन्नुभएको थियो। कालीकोटको रास्कोट नगरपालिका-८ को फुकोट गाउँमा जन्मिनुभएका न्यौपाने साविकको फुकोट गाउँ विकास समितिको अध्यक्षमा समेत निर्वाचित हुनुभएको थियो।

## ● ढुंगामा बाघको आकृति



चितवनको माडी नगरपालिका-५ स्थित सोमेश्वरगढी जाने बाटोमा ढुंगामा कुँदिएको बाघको आकृति। मन्दिरसम्म मानिसहरूको आकर्षण बढाउन एक दर्जनभन्दा बढी ढुंगा कुँदेर नेपालको मौलिक संस्कृति तथा धार्मिक आस्था झल्काइएको छ। तस्बिर : रासस

**आज वि.सं २०८० पौष ५ गते बिहीबार, ई.सं. २०२३ डिसेम्बर २१, तिथि- मार्ग शुक्लपक्ष नवमी ११:३३ बजेपछि दशमी, रेवती- नक्षत्र, वरियान्-योग, कौलव- करण, चन्द्रराशि- मीन, सूर्योदय- ६:५१, सूर्यास्त १७:११।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : अरूका काममा महत्त्वपूर्ण समय बित्न सक्छ।
वृष : लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ।
मिथुन : आफन्त वा साथीभाइले गर्नैपर्ने काममा समेत सघाउ पुऱ्याउने छैनन्।
कर्कट : विवादले मन खिन्न हुँदा आत्मबल र हौसलामा कमी आउनेछ।
सिंह : बिग्रिएको सम्बन्ध र विगतका कमजोरीबाट नोक्सान हुनेछ।
कन्या : शत्रुले पनि काममा साथ दिने परिस्थिति बन्नेछ।
तुला : तीर्थव्रत तथा देवालय आदिको भ्रमण हुन सक्छ।
वृश्चिक : हिम्मतले काम लिन नसक्दा केही पछि परिनेछ।
धनु : सरकारी कडिकडाउको शिकार भइनेछ।
मकर : आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ।
कुम्भ : आश्वासन दिनेहरूबाट नै धोका पाइने छ।
मीन : प्रियजनसँगको भेटघाटले दिन रमाइलो बनाउनेछ।

## सरकारले तोक्यो...

« पृष्ठ १ बाट क्रमशः

छ, त्यसको तयारीका विषयमा केही छलफल भयो। त्यसपछि कार्यविधि, नियमावली र कार्यशैलीहरूमा सुधार गर्नुपर्ने विषयहरूमा मुख्यसचिवज्यूले छोटो प्रस्तुति गर्नुभयो,' मन्त्री शर्माले भन्नुभयो।

प्रवक्ता शर्माले मन्त्रिपरिषद् बैठक बस्नका लागि मन्त्रिपरिषद् कार्यालयको नयाँ भवनको नयाँ हललाई पनि प्रयोगमा ल्याइएको बताउनुभयो। किसानले यस वर्षको लागि उखुको मूल्य प्रतिक्विन्टल ७५० रुपैयाँ माग गर्दै आएका थिए। उखुको न्यायोचित मूल्य माग गर्दै सर्लाहीका किसानले विगत दुई सातादेखि चरणबद्ध सडक संघर्ष गर्दै आएका छन्।

### सर्लाहीका उखु किसानले आन्दोलन जारी राख्ने

चिनीमा वृद्धि भएको मूल्य र उखु उत्पादन लागतका आधारमा उखुको मूल्य तय गर्नुपर्ने माग गर्दै आन्दोलित सर्लाहीका उखु किसानले आन्दोलन जारी राख्ने भएका छन्। आन्दोलित उखु किसानले हरिवनस्थित पूर्व-पश्चिम राजमार्गमा बुधबार चार घण्टा चक्काजाम गरेका थिए। मिलगेट उखु उत्पादक समितिका अध्यक्ष राजकुमार उप्रेतीका अनुसार आन्दोलनले निरन्तरता पाउनेछ। आज (बिहीबार) दिउँसो पनि हरिवनमै पूर्व-पश्चिम राजमार्गमा चक्काजाम गरिने उप्रेतीले जानकारी गराउनुभयो। उखु किसानले उठाएको माग सम्बोधन गर्न भन्दै माओवादी कार्यकर्ता शेष इस्तिहारले इन्दुशंकर चिनी उद्योगको गेटमा सुरु गर्नुभएको आमशरण अनशन बुधबार दोस्रो दिन पनि जारी छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पहलमा आइतबार बालुवाटारमा मन्त्री तथा विभिन्न मन्त्रालयका सचिवबीच भएको छलफलमा उखु किसानको बक्यौता रहेको अनुदानको ५२ करोड रुपैयाँ तत्काल भुक्तानीका लागि पहल गर्ने निर्णय गरेको थियो। सो निर्णयपछि पनि उखु किसानको आन्दोलन जारी नै रहेको छ। नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले किसानको खातामा अनुदान रकम नआउँदासम्म आन्दोलन जारी रहने बताउनुभयो। धमाधम उखु काटेर चिनी उद्योगमा लगेर बेच्नुपर्ने समयमा गत वर्षको अनुदान रकम र यो वर्षका लागि उखुको मूल्य कायम गर्नुपर्ने माग गर्दै किसान सडक आन्दोलनमा छन्। खेतको उखु काट्न ढिलो भएर तौल घट्दै गएको छ। आन्दोलनका कारण किसानले उखु नल्याउँदा देशकै सबैभन्दा ठूला इन्दुशंकर चिनी उद्योग हरिवन, सर्लाही र एभरेष्ट चिनी उद्योग रामनगर, महोत्तरीले पुस लागिसक्दा पनि उखु क्रसिङ सुरु गर्न पाएका छैनन्। बरु खेतमै उखु सुकेर जान दिने तर उद्योगीको प्रभावमा परेर सरकारले एक पक्षीय हिसाबले तोक्ने मूल्य किमार्थ नस्वीकार्ने आन्दोलित उखु किसानले बताएका छन्।

उखु किसानले यो वर्ष उखुको मूल्य प्रतिक्विन्टल ७५० रुपैयाँ कायम गर्नुपर्ने माग गरेका छन्। गत वर्ष उखुको मूल्य ६१० रुपैयाँ कायम गरिएको थियो। त्यसमध्ये ७० रुपैयाँ सरकारले अनुदानबापत उपलब्ध गराउने निर्णय भएको थियो। अर्थ मन्त्रालयले अनुदानको पूरा रकम निकासा नगर्दा यहाँका उखु किसानले गत वर्ष बिक्री गरेको उखुको ३० प्रतिसत मात्रै अनुदान रकम प्राप्त गरेका छन्। कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) सर्लाहीले मन्त्रालयबाट निकासा भएको अधुरो रकम प्रत्येक किसानलाई ३० प्रतिशतको दरले तिहारअघि बैंक खातामा पठाइदिएको थियो।

सर्लाहीमा रहेका इन्दुशंकर, महालक्ष्मी र अन्नपूर्ण गरी तीनवटा चिनी मिलमा गत वर्ष उखु बेचेका १७ हजार ३० जना किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँको दरले वितरण गर्न २९ करोड २५ लाख ५२ हजार ७४९ रुपैयाँ ३० पैसा निकासा हुनुपर्थ्यो तर कोलेनिकामा नौ करोड ११ लाख २६ हजार ६३८ रुपैयाँ मात्रै प्राप्त भयो। प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसेर मन्त्रालयबाट प्राप्त सो रकम किसानलाई ३० प्रतिशतको हिसाबले वितरण गर्ने निर्णय गरेपछि कोलेनिकाले आफूलाई प्राप्त सबै अनुदान रकम बाँडेर सकिसकेको छ। सर्लाहीका उखु किसानका लागि मात्रै अझै २० करोड १४ लाख २६ हजार १११ रुपैयाँ ३० पैसा अनुदान रकम आउन बाँकी रहेको प्रमुख कोष नियन्त्रक निर्मल न्यौपानेले जानकारी गराउनभयो। उखु उत्पादक महासंघका अध्यक्ष मैनालीका अनुसार नवलपरासी र कञ्चनपुरका उखु किसानले पनि गत वर्षको अनुदान रकम प्राप्त गर्न बाँकी नै छ।

## अख्तियारद्वारा सरकारी...

« पृष्ठ १ बाट क्रमशः

मात्रामा मौज्दात रहने व्यवस्था मिलाउने', अख्तियारले भनेको छ। सबै सार्वजनिक निकायले आफूले खरिद गरेका सफ्टवेयरको सोर्स कोड आफ्नै कर्मचारीबाट प्राप्ति, नियन्त्रण वा प्रयोगको सुनिश्चितता गर्नुपर्ने अख्तियारको भनाइ छ।

सफ्टवेयर निर्माण, खरिद वा एकीकरण गर्नुपूर्व तथ्यांकको गोपनीयता, सुरक्षा एवं एकरूपता सुनिश्चितता गर्नुपर्ने पनि अख्तियारले जनाएको छ। सबै सरकारी सफ्टवेयरको सेक्युरिटी अडिट अनिवार्य रूपमा गर्ने व्यवस्था गर्न अख्तियारले निर्देशन दिएको छ। 'बजार अनुगमन कार्यलाई वैज्ञानिक, व्यवस्थित र व्यावसायिक बनाउन वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, अन्य निकाय तथा स्थानीय तहबीच कार्य जिम्मेवारी, अधिकार क्षेत्र तथा क्षमताका आधारमा आवश्यक कार्य विभाजन गरी बजार अनुगमनलाई प्रभावकारी बनाउने', अख्तियारले भनेको छ।

अख्तियारले कार्यकारी र नियमनकारी दुवै कार्य गर्ने निकायहरूको (जस्तैः काठमाडौं उपत्यका विकास प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरणलगायत) कार्य विभाजन गरी नियमनकारी वा कार्यकारी कार्यमध्ये कुनै एकमा मात्र कार्यक्षेत्र रहने गरी कानुनी व्यवस्था मिलाउन पनि निर्देशन दिएको छ।

अख्तियारले भनेको छ, 'सार्वजनिक संस्थानहरूमा विस्तृत अध्ययनबाट जनशक्ति योजना तयार पारी अनावश्यक कर्मचारी घटाउने, कानुनविपरीत राजनीति गर्ने, काम नगर्ने कर्मचारीलाई कानुनी कारबाहीको दायरामा ल्याउने तथा कर्मचारी सरुवा, बढुवालाई स्वचालित बनाउने व्यवस्था मिलाउने।' अख्तियारले हुण्डी, क्रिप्टोकरेन्सी लगायतका अवैध कारोबार नियन्त्रणको लागि नेतृत्व लिन नेपाल राष्ट्र बैंकलाई भनेको छ।

कुनै कम्पनी वा संस्थाको प्राथमिक सेयर निष्कासन गर्दा धितोपत्र बोर्डले उक्त कम्पनी वा संस्थाका सबै वित्तीय एवं व्यवस्थापकीय पक्षको वस्तुपरक अध्ययन गरेर मात्र अनुमति दिनुपर्ने अख्तियारले भनेको छ। 'धितोपत्रको प्रिमियम मूल्य निर्धारण गर्दा आर्थिक चलखेलको गुञ्जायस देखिएकाले उपयुक्त र विश्वसनीय मूल्यांकन विधिबाट धितोपत्र निष्कासन गर्न प्राथमिकता दिने', अख्तियारको निर्देशनमा उल्लेख छ।

### सरकारका सचिवहरूलाई ४६ बुँदे सुझाव

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारका सचिवहरूलाई ४६ बुँदे सुझाव दिएको छ। आयोग र नेपाल सरकारका सचिव तथा विभागीय प्रमुखहरूबीच भएको अन्तरक्रिया कार्यक्रमपश्चात् आयोगले उक्त सुझाव दिएको हो। अख्तियारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा किटानी भएको प्रावधानबमोजिम प्रत्येक महिना विभागीय मन्त्री र सचिवले मातहतका निकायबाट भएका काम कारबाहीको समीक्षा गरी कार्यसम्पादनमा सुधार गर्न सुझाएको छ। साथै लापरबाही गर्ने पदाधिकारी/कर्मचारीलाई समयमै सचेत गराउन पनि अख्तियारले भनेको छ।

तीन तहका सरकारबीचको काम, कर्तव्य र अधिकारमा देखिएको अस्पष्टता र दोहोरोपना हटाउन अन्तर निकाय समन्वयसमेत हुनेगरी कार्य विभाजनलाई स्पष्ट बनाउन अख्तियारको सुझाव छ। तीनै तहका सरकारबाट दैनिक तथा प्रशासनिक कार्यहरूलाई समेत नीतिगत भनी कानुनबमोजिम मन्त्रालय, विभाग, सचिवालय स्तरबाटै निर्णय हुनुपर्ने विषयसमेत मन्त्रिपरिषद्, परिषद् वा सभाबाट निर्णय गराउने कार्य तत्काल बन्द गर्न अख्तियारको सुझाव छ।

## कांग्रेसमा वरीयता...

« पृष्ठ १ बाट क्रमशः

देउवा पक्षको स्पष्ट बहुमत छ। कांग्रेस मधेश प्रदेश समितिको निर्वाचनमा देउवा पक्षबाट कृष्णप्रसाद यादवले अध्यक्षमा जित्नुभएको थियो। कोइराला पक्षले भने कांग्रेस नेता विमलेन्द्र निधिका उम्मेदवार रामसरोज यादवलाई सघाएको थियो। कांग्रेसको प्रदेश सम्मेलनमा कोइरालालाई दोस्रो मर्यादाक्रममा राख्ने/नराख्ने विवाद भने चर्किएको छ। यसअघि लुम्बिनी र गण्डकी प्रदेश सम्मेलनमा कोइरालालाई दोस्रो मर्यादाक्रम तथा विशिष्ट अतिथिको आसन दिइएको थियो। कोइराला पार्टीको २५औं वरीयतामा रहनुभएको छ।

कांग्रेसका मधेश प्रदेश सदस्य रेखा यादवले कार्यसमितिको बैठकमा प्रदेश सम्मेलनको उद्घाटन समारोहको मर्यादाक्रमबारे कुरा झिक्दा प्रदेश अध्यक्ष यादवले सबै कुरा प्रदेश समितिको हातमा नरहेकाले भन्ने जवाफ दिएको बताउँदै भन्नुभयो, 'केन्द्रीय नेताको पनि सरसल्लाहअनुसार मर्यादाक्रम मिलाइएको भन्नुभयो।' जनकपुरमा हुने सम्मेलनका लागि केन्द्रीय सभापति देउवा र केन्द्रीय पदाधिकारीहरूसहित नेता कोइरालालाई पनि बोलाइएको छ।

मधेश प्रदेशका वरिष्ठ नेता रामसरोज यादवले गुटगत मानसिकताबाट हेरेर आशन निर्धारण गरिएको टिप्पणी गर्दै भन्नुभयो, 'पार्टीका परम्परा र मूल्य मान्यताहरूलाई हठात् बेवास्ता गर्दै केवल गुटगत मानसिकताबाट मात्र अभिप्रेरित भएर सम्पूर्ण मधेश प्रदेशमा पार्टीकै सांगठनिक संरचनामा समेत विग्रह ल्याउने गरी मनोमानी पूर्ण तवरबाट आसनग्रहण गराउन लागिएको विषयप्रति हामी घोर आपत्ति जनाउँदै यस कार्यसमिति बैठकमा फरक मत राखेका छौं।'

### गण्डकी प्रदेश सम्मेलनमा ब्यानरकै विषयमा विवाद

यसअघि मंगलबार उद्घाटन भएको गण्डकी प्रदेश प्रथम प्रदेश सम्मेलनमा उद्घाटन शत्रमा राखिएको ब्यानरको विषयमा विवाद भएको थियो। कांग्रेस गण्डकी प्रदेश समितिले सम्मेलनको ब्यानरमा 'भ्रष्टाचारबाट पार्टीलाई बचाऔं' लेखेको थियो। तर, उक्त वाक्यांशप्रति संस्थापन पक्षका नेताहरूले आपत्ति जनाएपछि उद्घाटन समारोह कार्यक्रम सुरु हुनुभन्दा केही समयअघि हटाएको थियो। कार्यक्रम हुने स्टेजमा 'विराशतको रक्षा गरौं,नेपाली कांग्रेस बचाऔं, इमान भएकाहरूलाई जिम्मेवारी राखौं, भ्रष्टाचारबाट पार्टीलाई बचाऔं, कांग्रेस चरित्र पुन:स्थापित गरौं' लेखिएको थियो। त्यसबाट 'भ्रष्टाचारबाट पार्टीलाई बचाऔं' वाक्य हटाएको हो। प्रदेश महामन्त्री विष्णु लामिछानेले लेखाइ अशुद्ध भएकाले ब्यानरबाट हटाइएको दाबी गर्नुभएको थियो।

### पत्रकारिता र देश दुवैतिर सुधार जरुरी : सभापति देउवा

नेपाली कांग्रेसका सभापति एंव पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पत्रकारिता र देश दुवै क्षेत्रमा धेरै काम गर्न बाँकी रहेको बताउनुभएको छ। बुधबार पोखरामा आयोजित एक कार्यक्रममा सभापति देउवाले जिम्मेवार पत्रकारिता जरुरी भएकोमा जोड दिँदै भन्नुभयो, 'रचनात्मक र आलोचनात्मक पत्रकारिता जरुरी छ। पत्रकारिता र देश दुवै सुधारको दिशामा जानुपर्छ। नो न्युज इज गुड न्युज भन्ने भनाइ छ तर हामी त्यसो नगरौं। रचनात्मक र आलोचनात्मक पत्रकारिता जरुरी छ। पत्रकारिता र देश दुवै सुधारको दिशामा जानुपर्छ।' कार्यक्रममा गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पत्रकारिता क्षेत्रमा नियमन जरुरी देखिएको उल्लेख गर्दै प्रदेशले आमसञ्चार विधेयक आगामी अधिवेशनबाट पारित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

### राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदाता नामावली स्वीकृत

आउँदो माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि बुधबार निर्वाचन आयोगबाट मतदाता नामावली स्वीकृत भएको छ। राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता हुने कानुनी व्यवस्था भएबमोजिम प्रदेशसभा सदस्य ५४९ जना र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख एक हजार ४९८ जना गरी जम्मा दुई हजार ४७ जनाको मतदाता नामावली स्वीकृत भएको हो।

स्वीकृत नामावलीमा प्रदेशसभा सदस्यतर्फको कुल मतदाता ५५० मध्ये निधन भएका प्रदेशसभा सदस्य एकजनाको नाम हटाई ५४९ जना कायम गरिएको आयोगका प्रवक्ता शालिग्राम पौडेलले जानकारी दिनुभयो। त्यसैगरी, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फको कुल मतदाता एक हजार ५०६ जनामध्ये निधन भएका गाउँपालिका अध्यक्ष एक, उपाध्यक्ष एक, नगरपालिका उपप्रमुख एक र निलम्बनमा परेका गाउँपालिकाका अध्यक्ष एक, नगरपालिकाका प्रमुख चार गरी आठ जनाको नाम हटाएर कुल एक हजार ४९८ जनाको नामावली स्वीकृत गरिएको छ। स्वीकृत मतदाता नामावली आयोगको वेबसाइटमा समेत प्रकाशन गरिएको छ। निर्वाचन कार्यक्रमबमोजिम पुस २० गते निर्वाचन अधिकृतको कार्यालयमा उक्त मतदाता नामावली प्रकाशित हुनेछ।

प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम समावेश हुन छुटेको भए नाम समावेश गर्न, नाम समावेश भएको व्यक्तिको नाम, थर, उमेर, पद आदि विवरण सच्याउनुपर्ने भए सच्याउन र मतदाताको विरोधमा उजुरी दिनुपर्ने भए सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दिन सकिनेछ। पुस २२ गते अन्तिम मतदाता नामावली प्रकाशन हुने निर्वाचन कार्यतालिका छ। उल्लिखित मतदातामध्ये प्रदेशसभाका सदस्यको मतभार ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ रहेको छ। माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचन प्रयोजनका लागि प्रदेशसभा सदस्यको कुल मतभार २९ हजार ९७ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको कुल मतभार २८ हजार ४६२ गरी जम्मा ५७ हजार ५५९ मतभार रहेको छ।

## सम्पादकीय

# आन्दोलन : आवश्यकता कि बाध्यता ?

आन्दोलन हाम्रोमा मात्र हुने त होइनन् तर सबैभन्दा बढी चाहिँ हाम्रो देशमै हुन्छन् भन्दा अन्यथा नहोला । अब राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सरकारविरुद्ध आन्दोलन गर्ने भएको छ । बेलाबखतमा सरकारलाई सचेत राख्नकै लागि भए पनि आन्दोलन गर्नुपर्छ तर हाल राप्रपाले गर्ने भनेको आन्दोलन चाहिँ आवश्यकता हो कि राप्रपाको आफ्नो राजनीतिक उपस्थितिको बाध्यता हो यो भने एउटा टड्कारो प्रश्न छ । फेरि राजनीति गर्नेहरूले कुनै एक दिन केही मानिसलाई हातमा झण्डा थमाएर केही छिन् नारा लगाएर तितरबितर बन्नुलाई नेपालमा आन्दोलनका रूपमा परिभाषित गर्ने गरिएको छ । वास्तवमा त्यो आन्दोलन होइन, त्यो त विरोधमात्र हो ।

विरोधले आन्दोलनको अर्थ दिन सक्दैन र आन्दोलनले क्रान्तिको अर्थ दिन सक्दैन । विरोध, आन्दोलन र क्रान्ति भन्नु फरक–फरक कुरा हुन् । अस्ति भरखरै दुर्गा प्रसाईले गरेको प्रदर्शनका बेला एकातिर सरकार त्राहिमाम भएको थियो र बाटो हिँड्ने नागरिकलाई समेत समातिरहेको थियो । अर्कातिर प्रसाईं समर्थकहरू वा प्रदर्शनकारी चाहिँ उनीहरू सडकमा आउनासाथ सरकार, प्रहरी र नेपाली सेनाले आत्मसमर्पण गरिहाल्छन् र सरासर बेलायतको गौरवमय क्रान्ति (ग्लोरियस रेभ्युलुसन) जसरी हातमा समातेर राजालाई ल्याएर राजगद्दीमा राख्न सकिन्छ भने जसरी प्रस्तुत भएका थिए । कसलाई राजा बनाउने, अरू पार्श्ववर्तीहरू र भारदार कसकसलाई बनाउने भनेर सल्लाह गर्न थालिसकेका थिए ।

तर, त्यो पानीमा उठेको फोको पानीमै बिलाए जसरी हराएर गयो । एउटा निर्विवाद तथ्य के हो भने आन्दोलन गर्नेहरूले अघि सारेका मागमध्ये केही औचित्यपूर्ण जस्ता लाग्छन् । सबै माग उत्तिकै महत्त्वका नहोलान् तर केहीले मानिसको मन प्रभावित बनाउँछन् । विश्वासमा मानिसहरू राजनीतिक दलको पछि लाग्ने हुन् । आन्दोलनको नेतृत्व जनताले विश्वास गर्नसक्ने खालको हुनुपर्दछ । त्यसपछि मात्रै आन्दोलनले सफलता पाउने हो । केही साना दलहरूले आन्दोलन गर्छौं भनेर सार्वजनिक गरेको कार्यक्रलाई 'फलानाले पनि आन्दोलन गर्ने रे' भनेर जनस्तरबाट उपहास भइरहेको हुन्छ । त्यसतर्फ विचार गरेर आन्दोलन गर्छु भन्ने दल, पक्ष वा समूहले आफूलाई उभ्याउनुपर्ने हुन्छ ।

२०६२/०६३ सालको आन्दोलनमा आन्दोलनकारीहरूमाथि भुटुटु गोली चलाएर पनि आन्दोलन दबाउन नसकेका तत्कालीन सत्तासीनहरू हाल आन्दोलनको रटमा रहेका बखत उनीहरूलाई जनताले कति समर्थन गर्लान् ? मर्न र मार्न तयार भएर सडकमा ओर्ललान् त्यो महत्त्वपूर्ण कुरा हो । राप्रपाले हाल आन्दोलन गर्छु भनेर उठाएका केही माग नेपाली जनताले उठाउन थालेको केही वर्ष भइसकेको छ । प्रजातन्त्र भनौं वा लोकतन्त्र जनताले जे सोचेका थिए वास्तवमा त्यस्तो हुन नसकेको अनुभूति सबैलाई भइरहेकै हो । कर बढाउने, खर्च बढाउने, नेताका सुविधा बढाउने जस्ता अनेकौं विकृति प्रजातन्त्रका विशेषता हुन सक्दैनन् । प्रदेश खारेज, हिन्दु राष्ट्रको पुनःस्थापना, संवैधानिक राजतन्त्र जस्ता विषय लागू हुने हो भने जनताले विरोध गर्ने छैनन्, विरोध नहुनु भनेको जनताबाट समर्थन हुनु हो । नैतिक समर्थन वा क्रियाशील समर्थन ।

२०७२ सालको संविधान निर्माणका समयमा हिन्दु धर्म सापेक्ष संविधान बन्नुपर्छ भनेर माग भइरहेकै बेला पश्चिमी रुचिका आधारमा धर्म निरपेक्ष व्यवस्था राखियो भनेर विरोध हुँदै आएको छ । सत्यता होस् वा नहोस् नेपालमा हिन्दु धर्मावलम्बीहरू ८० प्रतिशतभन्दा बढी र समग्र ओमकार परिवार गरी ९० प्रतिशतभन्दा बढीको संख्यामा छन् । संविधानले तिनको भावनामाथि कुठाराघात गरेको कुरा भने यथार्थ हो । प्रदेशसभा देशका लागि सेतो हात्ती बन्दै आएको छ । संघीय सरकार र स्थानीय सरकार हुँदाहुँदै प्रदेशमा सबै निकाय संघको प्रतिलिपि उतारेजसरी मन्त्रालय, विभाग, न्यायिक कार्यालय, कार्यपालिका, व्यवस्थापिका न्यायपालिकाको व्यवस्था गर्नु भनेको राष्ट्रको ठूलो व्ययभार बढाउनु हो ।

प्रदेश सरकार जनताका 'समस्यासँग सिधा जोडिन सकेको छैन । केही राजनीतिक व्यक्तिहरूलाई थान्को लाउने ठाउँका रूपमा उपयोग हुँदै आएको छ । सरकारले कि औचित्य सावित गर्न सक्नुपर्छ कि यसलाई खारेज गर्नुपर्छ भन्ने नेपाली जनताको मनोभावना हो । त्यही अर्थमा बुझेर आन्दोलनका माध्यमबाट आफ्नो एजेण्डा बनाउने राप्रपाको योजना हुनसक्छ । राप्रपाका नेता कमल थापाले भनेको गणतन्त्र छाडातन्त्र र भ्रष्टतन्त्रमा परिणत भएको कुरा विभिन्न आर्थिक अपचलनका काण्डले पुष्टि गर्दै आएका छन् । आन्दोलन गर्छु भनेरमात्र गरिने होइन, विभिन्न तत्व कारक बनेर आउनुपर्छ । यसो भएन भने आन्दोलन सफल नबन्न सक्छ र उल्टै आफ्नै मतदाताले उपहास बनाउन सक्छन् ।

# सम्मान गर्न लायक कृष्णप्रसाद र कुलप्रसाद

**कृष्णप्रसाद पोखरेल सरको छातीमा माओवादीहरूले बन्दुक तेर्स्याए । प्रशिक्षार्थीहरू सबै भागे तर पोखरेल सर एक्लै लडिरहे । माओवादीहरूले तीन गोली चलाए, दुईवटा गोलीले कपडा छेडे भने एक गोली पोखरेल सरले छले । निडर पोखरेल सरलाई आक्रमण गरी हत्या गर्न आएका माओवादीहरू परास्त भएर फर्किए ।**



डा.शान्तिकृष्ण अधिकारी

यो साता दुई लोकतन्त्रवादीहरूसँग भेट हुन पुग्यो । छुट्टाछुट्टै दुई कार्यक्रममा भेटिएका छोप्राक, गोरखाका कृष्णप्रसाद पोखरेल र नेपाल संस्कृत विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा.कुलप्रसाद कोइराला दुबैको इतिहास र प्रजातन्त्रप्रतिको समर्पण रोमाञ्चक छ । दुबैजनालाई मैले धेरै वर्षअघिदेखि नै चिन्दथेँ र उहाँहरूका योगदानका बारेमा धेरथोर जानकार पनि थिएँ । समय नै बलवान् रहेछ, जे कुराका लागि पनि समय आउनै पर्ने रहेछ । मन लागेको प्रशंसा गर्न पनि समय नै कुर्नुपर्ने रहेछ ।

लोकतन्त्र स्थापना र यसको सम्बर्द्धनमा निरन्तर योगदान दिने यी दुबै पात्रका बारेमा केही न केही लेख्न दुबैजनाका इतिहासले घचघच्यायो । राणाकालमा त होइन, पञ्चायतले नागरिक स्वतन्त्रता खोस्दा त्यसैको विपक्षमा लागेका पोखरेल र कोइराला माओवादीहरूबाट मानव अधिकारको व्यापक उल्लंघन हुँदा समेत कत्ति नडराई निरन्तर जनताका अधिकारका बारेमा विचार प्रवाह गरिरहे । नेपालमा इतिहास भएको मानिस जीवनभर छट्पटाएर बाँचेको हुन्छ र मरेपछि उसको गुनगानले देश गुञ्जन्छ, त्यतिबेला ती सबै प्रशंसका शब्दहरूको न कुनै महत्त्व हुन्छ न प्रभावकारिता नै । त्यसैले उहाँहरू सक्रिय रहँदा रहँदै उहाँहरूका संघर्षलाई सलाम गर्दै यो आलेख प्रस्तुत गरिएको छ । यो छोटो आलेखमा त एकदुई घटनालाई मात्रै स्मरण गर्न सम्भव हुन्छ तर कुनै अध्येतालाई इतिहास जान्न मन लागेमा पात्र खोजीमा भने सहयोगी हुनेछ ।

मुण्डमुण्ड बुद्धि, कुण्डकुण्ड पानी भने झैँ एउटै खोलाको पानी खाए पनि र एउटै कक्षामा बसेर अध्ययन गरे पनि मति भिन्न हुने रहेछ । पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र चिकित्सक उपेन्द्र देवकोटासंग एउटै कक्षामा अध्ययन गरेका कृष्णप्रसाद पोखरेल दुबैभन्दा अलग देखिए । कक्षामा प्रथम, दोस्रो र तेस्रो स्थानका लागि सधैं प्रतिस्पर्धा गर्ने यी तीन पात्रहरूमध्ये बाबुराम भट्टराईले गलत राजनीतिको बाटो समाते र सत्र हजार निर्दोष नेपालीले अनाहकमा ज्यान गुमाउन पर्ने अवस्थाको नायक बने । निरंकुश राजतन्त्रको समर्थन गर्दै मन्त्री बन्न उपेन्द्र देवकोटा लालायित भए तर पोखरेल भने परोपकार माध्यमिक विद्यालय, जौबारी, गोरखाका शिक्षक एवं प्रधानाध्यापक हुँदै दुर्गम गोरखाका बालबालिकालाई शिक्षित बनाउने अभियानमा जोडिए ।

गलत कुराका विरुद्धमा स्पष्ट अडान राख्ने पोखरेल सही विचारका पक्षमा त्यत्तिकै अडिग थिए र अहिलेको प्रौढावस्थामा पनि उनको जोसमा कुनै कमी आएको छैन । युवावस्थामा नागरिक स्वतन्त्रताका बारेमा आफ्ना सम्पर्कमा रहेकाहरूलाई सचेत गराउँदै आएका पोखरेल आज पनि त्यत्तिकै सक्रिय छन् । कक्षाभित्र अब्बल शिक्षकका रूपमा प्रस्तुत हुने पोखरेल विचार प्रस्तुतिमा उत्तिकै प्रखर मानिन्छन् । उनले पढाएका विद्यार्थी अहिले ठूलाठूला पदमा छन् । ती विद्यार्थीहरूसँग सोध्ने हो भने पोखरेलको नाम सुन्ने बित्तिकै सम्मानले शिर निहुर्‍याउँछन् ।

प्रजातन्त्रका पक्षमा सतिसाल भएर उभिँदा झण्डै मारिएका कृष्णप्रसाद आज पनि कुनै लोकतन्त्रका शत्रुहरूसँग डराउँदैनन् । विसं २०५७ साल मंसिर ११ गते २४ जना शिक्षकहरूलाई गोरखा जिल्लाको सदरमुकाममा रहेको माध्यमिक शिक्षा परियोजनाको तालिम कक्षमा पोखरेल सर तालिम दिँदै थिए, एक्कासि माओवादीहरू बन्दुकसहित प्रवेश गरे । कृष्णप्रसाद सरको छातीमा बन्दुक तेर्स्याए । प्रशिक्षार्थीहरू सबै भागे तर पोखरेल सर एक्लै लडिरहे । माओवादीहरूले तीन गोली चलाए, दुईवटा गोलीले कपडा छेडे भने एक गोली पोखरेल सरले छले । निडर पोखरेल सरलाई आक्रमण गरी हत्या गर्न आएका माओवादीहरू परास्त भएर फर्किए ।

यति हुँदा पनि पोखरेल सरको आस्था डग्मगाएन । माओवादी हिंसा चरमोत्कर्षमा पुग्दा पनि उनको प्रजातन्त्रप्रतिको विश्वास उडेन, झन् प्रबल बनेर गयो । विद्यार्थी कालमा लैनचौरस्थित अस्कल क्याम्पसमा नेवि संघको राजनीति गर्दै कमल थापाहरूसँग चुनाव लडेका पोखरेलले शिक्षक भएपछि अहिलेका गृहमन्त्री नारायाणकाजीहरूलाई समेत पढाएका थिए । त्यसैले होला विद्यार्थीकालमा नारायणकाजी पनि प्रजातन्त्रवादी नै थिए भनिन्छ । पोखरेल सरको प्रजातन्त्रप्रतिको समर्पणले नेपालको लोकतान्त्रिक भनिएको राजनीतिक दल नेपाली कांग्रेसलाई फाइदा पुगेकै होला तर कांग्रेसले उनलाई आजसम्म सम्झे जस्तो लाग्दैन । न उनी कहिल्यै आफ्नालागि केही माग्न कतै गएका छन् न उनको योगदानलाई स्मरण गरेर कसैले सम्मान गरेको छ । यद्यपि नेपालमा लोकतन्त्र संस्थागत हुँदैछ भनेर हर्षित नै देखिन्छन् ।

विगतको एक चुनावमा बाबुराम भट्टराईले पोखरेल सरलाई नमस्कार म बाबुराम भन्दै फोन गरेछन् । त्यति भन्ने बित्तिकै पोखरेल सरले एकोहोरो रूपमा बाबुरामलाई उनका कर्तुतहरूका बारेमा विस्तार गरेर आज तिम्रो योजना सफल भएको भए मेरो १७औं स्मृतिदिवस हुन्थ्यो किन फोन गर्छौ भनेर बाबुरामलाई एकशब्द बोल्नै नदिई फोन राखिदिएछन् । अरू जस्तै आश र त्रासमा बाँच्ने भएको भए पूर्वप्रधानमन्त्री जस्तो मान्छेले फोन गर्दा निश्चय नै पोखरेल सरले केही न केहीको सौदाबाजी गर्थे होलान् तर उनी आफ्नै अडानमा रहे ।

अर्का सत्पात्र कुलप्रसाद कोइराला पनि नेपालमा प्रजातन्त्रको स्थापनार्थ त्यसैगरी संघर्ष गरेका व्यक्ति हुन् । जति संघर्ष गरेका थिए त्यति नै फल प्राप्त गरे कि गरेनन् थाहा छैन तर यिनले भने नेपालको दोस्रो विश्वविद्यालय नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति हुने अवसर भने पाए । ठूलो पदमा पुग्छु भनेर आन्दोलनमा होमिएका त होइनन् तर आन्दोलनकारीहरूको मूल्यांकन के कसरी भइरहेको छ भन्ने चाहिँ महत्त्वपूर्ण हुँदो रहेछ । प्रजातन्त्र मास्न अग्रसर हुनेहरूलाई नै लोकतन्त्रमा पुरस्कृत गरिरहनाले लोकतन्त्रवादीहरूको मनोबलमा असर पार्ने नै रहेछ । यद्यपि नेपालमा लोकतन्त्र स्थापना भएको देखेर हर्षित हुनेहरू मध्येको अग्रपंक्तिमा कोइराला छन् ।

> अर्का सत्पात्र कुलप्रसाद कोइराला पनि नेपालमा प्रजातन्त्रको स्थापनार्थ त्यसैगरी संघर्ष गरेका व्यक्ति हुन् । जति संघर्ष गरेका थिए त्यति नै फल प्राप्त गरे कि गरेनन् थाहा छैन तर यिनले भने नेपालको दोस्रो विश्वविद्यालय नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति हुने अवसर भने पाए ।

कतिपय पुस्तक र लेखहरूमा कुलप्रसाद कोइरालाको नाम गाँसिने गर्नाले कोइराला सर पूर्णत: उपेक्षामा पर्ने गरेका चाहिँ छैनन् । 'प्राडा.तुलसीराम वैद्य : अभिव्यक्ति र उद्गार' शीर्षकको पुस्तकमा कोइरालाको नाम ठाउँठाउँमा पढ्न पाइन्छ । उक्त पुस्तकका अनुसार राष्ट्रिय विकास सेवा कार्यक्रम विसं २०३५-३६ समूह अन्तर्गत कोइराला सल्यान जिल्लामा खटिएका थिए । दमाचौर माध्यमिक विद्यालयमा नेपाली पढाउन पुगेका कोइरालाले विद्यार्थीहरूलाई नेपाली विषय पढाउनुका साथै पञ्चायतको विरोध गर्नुपर्ने कारणहरू र नेपाली कांग्रेसले लिएका नीति र प्रजातन्त्रका फाइदाहरूका बारेमा पनि पढाउन थालेछन् । यसबाट रुष्ट प्रमुख जिल्ला अधिकारीले तर्साउँदा, कारबाहीको डर देखाउँदा र पञ्चायतको समर्थनमा निवेदन दिए छाडिदिने आश्वासन दिँदा उल्टै प्रतिवाद गरी तुलसीराम सरको सहयोगबाट फुत्केका रहेछन् ।

विनोद दाहाल लिखित 'ओखलढुंगा सशस्त्र क्रान्ति : पृष्ठभूमि, कारण र परिणाम' पुस्तकमा पनि कोइरालाको योगदानका बारेमा पढ्न पाइन्छ । विसं २०३१ साल ताका अन्य साथीहरूका साथमा बम पड्काउने तालिम लिन भारतको सीतामढी गएको उल्लेख गरिएको छ । शहीद केशव कोइरालाहरूको संगतमा रहेका कोइराला मटिहानीको छात्रावासमा बसेर संस्कृत पढ्ने क्रममा प्रजातान्त्रिक आन्दोलनका विभिन्न कालखण्डहरूमा जोडिएको पाइन्छ । नेपालमा ल्याएको बम लुकाउने आदि कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

डा.बद्रीनारायण गौतमद्वारा लिखित 'नेपाली कांग्रेस र प्रतिरोध आन्दोलन, २०२५-२०३१' पुस्तकमा समेत आन्दोलनकारीको चर्चा पाएका कुलप्रसाद सरको लोकतान्त्रिक आन्दोलनप्रतिको योगदानलाई कदापि अवमूल्यन गर्न हुँदैन । गौतमका अनुसार जनकपुर चौकी हान्ने योजना अन्तर्गत नेपालमा बम भित्र्याउने क्रममा विसं २०३१ असार ५ गते ल्याइएका हतियार लुकाउने समस्या पैदा भएको थियो । ज्ञानकुप छात्रावासमा अध्ययनमा रहेका कोइराला त्यतिबेला छात्रावास कार्यसमितिको कार्यवाहक सभापति समेत रहेछन् । त्यतिबेला उनले भनेका थिए रे-म आफ्नो बाकसमा सुरक्षित राखिदिन्छु, चिन्ता नगर, म नमर्दासम्म सुरक्षित हुन्छ । त्यही क्रममा छात्रावासमा नजरबन्दमा परेको इतिहास पढ्न पाइन्छ ।

यति गरेका कुलप्रसाद राजनीतिमा भने अड्न सकेनन् । पहाडको बाहुनको छोरो गाँस, वासको जोहो गर्न विश्वविद्यालयको प्राध्यापनमा प्रवेश गरे । प्राध्यापन गरुञ्जेल पनि प्रजातन्त्रकै पक्षधर रहे र अहिले अवकाशका बेलामा पनि नेपालमा स्थापित लोकतन्त्र कसरी सबल हुनसक्दछ भनेर चिन्ता गरिरहन्छन् । लोकतन्त्रवादी नेताहरूका कमजोरीका कारण लोकतन्त्रवादी भनिएको नेपाली कांग्रेसमा लाग्दै गएको खिया देखेर आक्रोशित हुने गर्दछन् । लोकतन्त्र विरोधीहरूका विरुद्ध र लोकतन्त्रका नाममा कमाउ धन्दामा लागेकाहरूका विरुद्ध आगो ओकली रहन्छन् ।

कोइराला सर उपकुलपति रहेका बेला विशेष चर्चामा रहे । सुशील कोइराला प्रधानमन्त्री रहेका बेला उपकुलपति बनेका यिनी पदमै रहँदा प्रधानमन्त्री हुन केपी ओली आइपुगे । क्यानडामा आयोजित संस्कृत सम्मेलनमा सहभागी हुन विमानस्थल पुगेको थाहा पाएपछि ओलीले प्रहरी लगाएर प्रधानमन्त्री निवास, बालुवाटारमा कोइरालालाई ल्याए । प्रहरीको घेरामा राखेर उनी चढ्ने जहाज उडिसकेपछि मात्रै कोइरालालाई छाडे । यो काण्ड नेपालमा उपकुलपति अपहरण काण्डका रूपमा विशेष चर्चामा रह्यो । यसको एमाले बाहेकका सबै दलहरूले विरोध गरे र संसद्मा आवाज समेत उठाए । केही प्राध्यापकहरूका बीचमा मात्रै चर्चित कोइरालालाई नेपालभर नै ख्यातिप्राप्त हुने अवसर केपी ओलीले प्रदान गरेका थिए । प्रधानमन्त्री या कुलपति भनेर ओलीसँग डराएनन्, कोइराला कम्मर कसेर यो काण्डको विरुद्धमा उभिएका थिए ।

वचने का दरिद्रता राम्रैसँग पढेका कोइराला सरले समय-समयमा भने कडा वचन प्रयोग गरिरहन्छन् । खरो र ठाडो भाषामा प्रस्तुति दिने गर्नाले कतिपय बेला आफ्नै प्रशंसक र समर्थक गुमाउँदै गएका पनि छन् । आफ्नो आत्माले सही देखेपछि कसले के भन्ला भन्ने नसोच्ने उनको बानी छ । सत्तरी पुग्न लागेका बेला आफ्नो कमजोरी सच्याउँछन् भन्ने त नसोचे हुन्छ तर सत्य भए पनि अप्रिय नबोल भन्ने वेदको मन्त्र कोइराला सरले किन पचाएका होलान् भन्ने चाहिँ लागिरहन्छ । कसैले नजिक भएर कुरा गर्न आयो भने महादेव चाँडै खुशी हुने भएका कारण आशुतोष भनिए झैँ यिनी पनि फुरुंग भइहाल्छन् । आएको व्यक्तिले स्वार्थवश आफूलाई प्रयोग गर्दै त छैन भन्ने हेक्का राख्दैनन् ।

यस्ता हजारौं लोकतन्त्रवादी छन्, जसले यो मुलुकमा लोकतन्त्र स्थापनाका लागि रगत पसिना बगाए । सच्चा लोकतन्त्रवादी पर्दा पछाडि रहेका छन् भने वर्तमान समयमा लोकतन्त्रको पगरी ओढेर छद्मभेषीहरू लोकतन्त्रको पहरेदार बन्न आइपुगेका छन् । लोकतन्त्रका हिमायती भनिएका राजनीतिक दलहरू र नेताहरू यस्तै अवसरवादीको चंगुलमा फस्दै गएका छन् र सच्चा लोकतन्त्रवादी पाखा पर्दै गएका छन् । यही प्रवृत्तिलाई बढावा दिँदै जाने हो भने नेपालमा लोकतन्त्रलाई संस्थागत गर्न निश्चय नै मुस्किल पर्दछ ।

लोकतन्त्रको संघर्षमा होमिएकाहरूको सम्मान गर्नुपर्ने नेपाली कांग्रेसले नै हो । यस्तै लोकतन्त्रवादीहरूका मतले नेपाली कांग्रेस संसद्मा कहिले ठूलो दल त कहिले दोस्रो दल बन्दै आएको छ । नेकपा एमाले, माओवादीहरू बेलाबेलामा तेस्रो दल बने झैँ हुनबाट कांग्रेसलाई बचाउँदै आएका सच्चा लोकतन्त्रवादीहरूले नै हो । गत महाधिवेशनका बेला बाँडिएका दश लाख क्रियाशील सदस्यहरूले बचाएका हुन् भन्ने कांग्रेसले ठानेको छ भने त्यो महाभूल हो । चुनाव पटक-पटक आउँछ, साख जोगाइराख्ने हो भने इमानदार हरूको खोजी जरुरी छ ।

# नागरिक शिक्षाबाट कुशल नेतृत्व

**लोकतन्त्रको अस्तित्व राष्ट्रभित्रै रहने हुँदा राष्ट्र र राष्ट्रियताको रक्षा खातिर हरेक नागरिक लाग्नुपर्दछ । नागरिक अधिकारको उल्लंघन तथा लोकतन्त्रको मूल्य–मान्यताको अवमूल्यन हुनबाट जोगाउन नागरिक सचेत हुनुपर्दछ । नागरिकको राज्य, सरकार, राजनीतिक दलहरू र नागरिक समाजप्रतिको कर्तव्यबोध गराउने काम नागरिक शिक्षाले गराउँदछ ।**



रमेशप्रसाद गौतम

हरेक नागरिक स्वतन्त्रतापूर्वक बाँच्न पाउने नैसर्गिक अधिकारलाई स्वीकार्दै कर्तव्य र दायित्वप्रति सचेत गराउने काम नागरिक शिक्षाले गर्दछ । आफ्नो विचार र इच्छा पूर्ति खोज्दा अरूको अधिकार इच्छाको हनन हुनुहुँदैन । तर, अहिले कतिपय मानिस स्वतन्त्रतासँगै कर्तव्य पनि जाडिएर आउनुपर्छ भन्ने मान्यताप्रति सचेत देखिँदैनन् ।

केवल आफ्नो स्वार्थ र आफ्नो स्वतन्त्रता हनन् भएमा चाहिँ आक्रोसित हुने गरेका प्रशस्त देखिन्छन । एक अर्काको सह अस्तित्वप्रति सजग छैनन् । यसको अर्थ हुन्छ आजको नागरिक समाजमा नैतिक शिक्षाको ठूलो खडेरी परिरहेछ । कसैले नैतिक शिक्षाका कुरा गर्दा आजका किशोरकिशोरीका लागि अपाच्य देखिन्छ ।

हुन सक्छ आज सामाजिक आर्थिक बदलावले ल्याएको परिवर्तनले हाम्रो परम्परागत नैतिकताको परिभाषा नै फरक बन्न गएको छ । अहिले आएको आर्थिक सम्बन्धको बदलाव नै यसमा बढी जिम्मेवारी छ भन्न सकिन्छ । शिक्षा भनेको लोकतन्त्रको जरा र फल हो भनिन्छ । यसैले शिक्षा मानवीय उन्नतिको मूल आधार हो भन्ने कुरामा मानव समाज एकमत रहँदै आएको छ । यसको आदर्श वा उद्देश्य भनेको नै नागरिकलाई पर निर्धारित निश्चित प्रयोजनका लागि विकसित गर्ने र आफ्नो जीवनोद्देश्य स्वयं निर्धारित गर्न स्वइच्छाले गर्न पाउने मान्यता जस्ता सवाल देखा पर्दछन् । जसको अर्थ विद्यालयमा आउने बालबालकलाई रित्तो भाँडो ठानेर त्यसमा ज्ञान भरिदिने विचार राख्ने अर्कोतर्फ ज्ञानको बीज ऊसँगै छ त्यसलाई विकसित हुने वातावरण मिलाई दिनेजस्ता सवाल उठ्दछन् ।

यसरी यी दुवै धारका प्रचलित ढाँचामा शिक्षा चल्दै आएको छ । यी ढाँचाले मानिसलाई राज्य र बजारलाई चाहिने उपयुक्त पात्रका रूपमा निर्माण गर्दै आएका छन् । एउटा परनिर्धारित निश्चित प्रयोगका लागि उत्पादन शिक्षाले खाली मस्तिष्कमा ज्ञान भरिदिने शैलीको शिक्षा विधि र अर्को ज्ञानको ज्योति बालकसँगै हुन्छ त्यसलाई विकसित गराउने वातावरण मात्र जुटाइदिनुपर्छ भन्ने हो । बालकको वास्तविक रुचि चाहना र स्वतन्त्रतालाई स्वीकार्ने शिक्षा पद्धतिले निर्धारित लक्ष्यसम्म पुऱ्याउने हो । बालबालिकाले विद्यालयमा पढने सिक्नेमात्र नभई जीवन जगतका विभिन्न पाटाका ज्ञान र सीप हासिल गर्न जीवनोपयोगी सिकाइ क्रियाकलापतर्फ उन्मुख गराउने शिक्षा प्रणालीको जरुरत छ । हाम्रो शिक्षाको चिन्तन भनेको परीक्षामा राम्रो अंक ल्याएर पास हुने विद्यार्थीले प्राप्त गरेका अंकलाई आधार मानेर विद्यालय र विद्यार्थीको गुणस्तर मापन गर्ने अभ्यास नै हुन् । यसले शिक्षाको परिधि र उद्देश्यलाई संकुचित तुल्याएको छ । शिक्षा केवल परीक्षामुखी, प्रशासनमुखी र यान्त्रिक बन्न पुगेको छ ।

जीवनको यथार्थतामा आधारित शिक्षा पद्धति नै आजको आवश्यकता हो । जीवन जगतका यथार्थ पाटाहरूमध्येको एउटा महत्वपूर्ण पाटो राजनीति हो । यसैले राजनीतिलाई सम्भावनाको खेल भन्ने पनि गरिन्छ । खेलमा जित्ने र हार्ने दुवै हुन्छन् । नागरिक शिक्षा भनेको यही खेलको स्पष्ट दिशाबोध गराउने विषय हो । यसर्थ खेलको नियम बुझेर मात्र खेलाडीले राम्रोसँग खेल खेल्न सक्ने हुन्छ । आमनागरिकलाई पथ प्रदर्शन गर्ने देशलाई प्रगतितिर डोऱ्याउने राजनीतिक नेतृत्व भएकाले नेताको जीवनमा अध्ययनको महत्त्व बढी छ । नेताको काधमा ठूलो जिम्मेवारी हुन्छ यस्तो काम गर्न तिक्ष्ण बुद्धि अनुभव, समायोचित ज्ञान र जोखिम मोल्ने सहास हुनुपर्दछ ।

नेता कार्यपालिकामा रहन्छन, विधायिका संसदमा हुन्छन्, मुलुकको समग्र राष्ट्रिय राजनीतिको निर्णयका अंगमा रहन्छन् । यस्ता व्यक्तित्वको योग्यताको कुरा खासै उब्जाइँदैन । यिनको पनि न्यूनतम योग्यता तोकिनु जरुरी देखिन्छ । कम्तीमा सांसद हुन स्नातकसम्म हुनुपर्ने सर्त राखिनु उपयुक्त देखिन्छ । यदि नेतामा योग्यता र क्षमता भएमा कुनै कसैको बकाउ र फन्दामा नपर्ने र आफ्नै स्वविवेकले निर्णय र निर्देशन गर्न सक्ने हुन्छन् । शिक्षाले नै समस्या समाधानका क्रममा आएका चुनौती समाधान गर्न उब्जिएका विवादलाई छलफल अन्तर्क्रिया, वादविवादमा तर्कपूर्ण दृष्टिकोण प्रस्तुत गर्न सक्ने क्षमताको विकास गराउँदछ ।

> हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त भएको देशमा राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्न राजनीतिक नेतृत्व नागरिक समाज, समुदाय र हरेक तप्का संलग्न हुनु जरुरी छ ।

यसर्थ सफल राजनीतिज्ञ बन्ने हो भने पुस्तक अध्ययनलाई आफ्नो जीवनको अभिन्न अंग बनाउनु पर्दछ । प्राय हाम्रा नेताहरू राजनीतिक संघर्षको पृष्टभूमिबाट आएका हुँदा उनीहरूमा संघर्ष इतिहास र जेलनेल खाएको अनुभवलाई नै ठूलो योग्यता ठानी पद र नेतृत्वको दाबी गर्दै आएका छन् । संघर्षले तत्कालीन राज्यव्यवस्थालाई परिवर्तन गरेकै अनुभवले भोगेका जीवनको ज्ञान सीमित हुन्छ । त्यसमा ज्ञान र बुद्धिको दायरा फराकिलो पार्न बृहद् अध्ययन र जानकारीका लागि पुस्तक पढेर त्यसको असर व्यक्तिको भोगाइ र अनुभवबाट बुद्धिमा तीक्ष्णता वृद्धि गर्न सकिन्छ । यसर्थ अध्ययनको आवश्यकता नेताहरूलाई झनै बढी हुन्छ । अध्ययनबाटै अन्तर्राष्ट्रिय व्यवस्था सञ्चालनको विवेचना नीति निर्माण, कूटनीतिक ज्ञान आदि हासिल गर्न सक्दछ ।

हाम्रा जस्ता मुलुकले नेताको योग्यता अथवा अयोग्यताको निर्धारणविना नै राजनीतिलाई विधि र विधानले बाँधेर संस्थागत गर्ने पारिपाटी बसाली नै रहेका छन् । यहाँ नीतिभन्दा नेता प्रधान बन्दैछन् । देशको हित गर्न नसक्ने नेतालाई पन्छाउने परिपाटीले प्राथमिकता पाउन सकेको छैन । उहाँ भने हामी बाह्रैमास राजनीतिको कुरा चाख लगाएर गर्ने गर्दछौं । यो एउटा क्यान्सर रोग जस्तै बनेको छ । यसले नै हाम्रो समाजलाई नराम्रोसँग गाँजेको छ । हाम्रो चेतनाको स्तर गिर्दो छ । राजनीति सुदृढ हुन र राजनीतिलाई संस्थागत विकास गराउन सकिरहेका छैनौं ।

वर्तमान सार्वजनिक जीवनबाट अब बन्ने पुस्ताको योग्यता उसले बहन गर्ने जिम्मेवारी अब कस्तो होलाको सवालमा झनै अन्योल देखिँदैछ । जीवनको आफ्नो क्रियाशील पाटोलाई नेताको पछि लागि अनरगल प्रचारबाजी र होडबाजीका पछि दौडने दलका युवा तथा विद्यार्थी नेताबाट भोलिको देश कसरी हाँकिने दलतन्त्रका लागि मारमुङ्गी झेलझाल र गुण्डागर्दीको मात्र अनुभव यिनमा छ । अब आउने पुस्ता पनि एकाध अपवादलाई छाडेर प्राय अध्ययनसँग टार्दै बस्ने जमात छ ।

अब समयमै आँखा खोली राजनीतिक दलहरूले आफ्ना पार्टी कार्यालयमा पुस्तकालयको स्थापना गरी आफू र आफ्ना कार्यकर्तामा पठनीय संस्कृतिको विकास गराउनु जरुरी छ । आफ्ना कार्यकर्तालाई समय समयमा नैतिक, शिक्षा, राजनीतिक दर्शन, अर्थतन्त्र आदिबारे प्रशिक्षण दिने गर्नुपर्दछ । लोकतन्त्रको अस्तित्व राष्ट्रभित्रै रहने हुँदा राष्ट्र र राष्ट्रियताको रक्षा खातिर हरेक नागरिक लाग्नुपर्दछ । नागरिक अधिकारको उल्लंघन तथा लोकतन्त्रको मूल्य मान्यताको अवमूल्यन हुनबाट जोगाउन नागरिक सचेत हुनुपर्दछ । नागरिकको राज्य, सरकार, राजनीतिक दलहरू र नागरिक समाजप्रतिको कर्तव्यबोध गराउने काम नागरिक शिक्षाले गराउँदछ ।

नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक क्रान्ति र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएका जनादेशको कदर गर्दै संविधानसभाबाट घोषणा गरिएको संविधान २०७२ ले देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्यालाई समाधान गर्ने हेतुले राज्यको पुनसंरचनाको चाहना पूरा गरेको छ । व्यवहारमा अझै देशमा लोकतन्त्र शान्ति, समृद्धि सामाजिक अग्रगमन तथा समनताका पाटाहरू अझै सरकारतर्फ उन्मुख हुन सकेका छैनन् । मुलुकको पुनसंरचनाका विषय हुन् वा अन्य महत्त्वपूर्ण ढाँचाहरू निर्धारण गर्ने विषयमा किन नहुन बृहत् बहस र छलफलविनै हचुवामै निर्णय हुने गरेका कुरा जनतामा आभास मिलिसकेको छ । परिणामत अझै ठूला ठूला ऐतिहासिक उपलब्धिप्रति पनि खासै मोह देखाउन छाडेका छन् ।

हाम्रा राजनीतिक दलहरूले देशमा विद्यमान विवाद र समस्या सल्टाउने आधार निर्माणमा लागि राष्ट्रिय एकता र सामाजिक सद्भावलाई मजबुत बनाउने कोसिस गर्नुपर्दछ । हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त भएको देशमा राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्न राजनीतिक नेतृत्व नागरिक समाज, समुदाय र हरेक तप्का संलग्न हुनु जरुरी छ । तर, अहिले हाम्रो सामाजिक धरातल नै अस्थिर बन्दै गएको छ ।

यसले गर्दा नागरिक समाज र अब आउने पिँढीलाई समेत जिम्मेवार नागरिक बन्नबाट विमुख पार्ला भन्ने डर उब्जन थालेको छ । यसर्थ नागरिकहरूको सकरात्मक सोचका साथै राजनीतिक सहभागिता बढाउने राजनीतिक चेतनाको जरुरी छ । हाम्रो ठूलो जनसंख्या नागरिक ज्ञान हासिले गर्ने अवसरबाट वञ्चितै छन् । नागरिकलाई आफ्नो हक तथा अधिकार र सही ढंगले परिचालन गर्न तथा आफ्नो कर्तव्य तथा दायित्वप्रति सचेत रहन नागरिक सीप र कौशल बढाउने शिक्षा नै नागरिक शिक्षा भएकोले यसलाई घनिभूत रूपमा अगाडि बढाउनु आजको सान्दर्भिकता ठहर्दछ ।

# धनगढीको अपराजित यात्रामा पूर्णविराम



**हिमालय टाइम्स**

काठमाडौं, ४ पुस

नेपाल सुपर लिगमा धनगढी एफसीको अपराजित यात्रामा पूर्णविराम लागेको छ । दशरथ रंगशालामा बुधबार बेलुका भएको खेलमा अन्जन विष्ट र समिराज ठोकरको गोलको मद्दतले झापाले २-० को जित निकालेको हो ।

पहिलो हाफमा खेल गोलरहित बराबरीमा सकिएको थियो । झापाले खेलको १५ सेकेन्ड मै गोल गर्ने मौका पाएको थियो । प्रशान्त लक्समले दिएको पासमा स्ट्राइकर जोर्गे सान्चेजले वान अन वानको अवसर पोस्टभन्दा बाहिर गर्यो ।

लगत्तै धनगढीका लागि अहमद हिजाजीले पाउनुभएको सुन्दर मौका खेल फाल्नुभयो । आशिष चौधरीको प्रहार नियन्त्रणमा लिएर झापाका दुई डिफेन्डर बिट गर्दै उहाँले गर्नुभएको प्रहार पोस्टको माथिबाट बाहिरियो ।

आठौं मिनेटमा धनगढीका अभिषेक गुरुङले बक्स बाहिरबाट गरेको प्रहारलाई विपक्षी गोलरक्षक कुपिचले समात्नुभयो । २२औं मिनेटमा कमल श्रेष्ठको फ्रिकिक पनि कुपिचले पन्च गरिदिनुभयो ।

५३औं मिनेटमा झापाका कप्तान अन्जन विष्टले गोल गर्दै आफ्नो टोलीलाई अग्रता दिलाउनुभयो । छिरिङ लामाको क्रसमा सुन्दर हेडर गोल गर्दै म्यान अफ द म्याच अन्जनले झापालाई अग्रता दिलानुभयो ।

७०औं मिनेटमा धनगढी बराबरी गर्नको नजिक पुग्यो । अभिषेक गुरुङको क्रसमा फोडे फोफानाको हेडरलाई कुपिचले जोगाउनुभयो । ७७औं मिनेटमा भने झापाले खेलमा अग्रता दोब्बर बनायो । प्रदीप लामाको कटब्याकमा सान्चेजले बललाई पोस्टको दिशा देखाउनुभएको थियो । तर गोल लाइनबाट समिराज ठोकरले बललाई लाइन कटाएपछि उहाँको नाममा गोल रह्यो ।

७९औं मिनेटमा झापा १० जनामा सिमित हुन पुग्यो । दोस्रो हाफमा मैदान प्रवेश गरेका धिरज थजालीले साइमन लिम्बुमाथि गरेको फाउलका कारण रेफ्रीले उहाँलाई सिधैं रातो कार्ड दिनुभयो । त्यसपछि धनगढीले पाएका केही अवसरहरु सदुपयोग गर्न नसक्दा हार ब्यहोर्यो ।

हार पछि धनगढी प्लेअफमा आफ्नो स्थान पक्का गर्न असफल भएको छ । धनगढीले प्लेअफमा आफ्नो स्थान बनाउनका लागि शीर्ष स्थानमा रहेको पोखरा थन्डर्स विरुद्धको अन्तिम खेल कुर्नुपर्ने भएको छ । झापाले भने प्लेअफ सम्भावना कायम नै राखेको छ । झापाको अन्तिम खेल एफसी चितवन विरुद्ध रहेको छ ।

दोस्रो स्थानमा यथावत धनगढीको ७ खेलमा १२ अंक रहेको छ । झापा भने ७ खेलमा १० अंक सहित चौथो स्थानमा उक्लिएको छ । एनएसएलमा लिग तालिकाको शीर्ष २ टोलीले सिधै फाइनलमा छनोट हुने क्वालिफायर खेल खेल्नेछन् । क्वालिफायरमा पराजित हुने टोलीले भने लिगको तेस्रो र चौथो स्थान प्राप्त गर्ने टोलीको विजेतासँग अर्को क्वालिफायर खेल्न पाउनेछ ।

# खेलमैदान नहुँदा सडकमै राष्ट्रपति रनिङ शिल्ड

**डम्मर बुढा मगर/हिटा**

बागलुङ, ४ पुस

बागलुङका १० वटै पालिकामा यतिबेला राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ । कुनै पालिकाले पाँचौँपटक गर्दैछन्, त कुनैले छैटौँपटक प्रतियोगिता सञ्चालन गरिरहेका छन् । स्थानीय तह आउनुपूर्व पनि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना हुन्थे । खासगरी माध्यमिक तहमा पढ्ने बालबालिकाहरू प्रतियोगितामा सहभागी हुन्छन् र आफ्नो प्रतिभा प्रस्फुटन गर्छन् । जिल्लाका धेरै विद्यालयमा खेलमैदानको अभाव छ । तर पनि विद्यार्थीले बारीको कुना, सडक र साँघुरा ठाउँमा खेल खेल्दै आएका छन् । धेरै ठाउँका विद्यार्थीले मध्यपहाडी लोकमार्गमा बढी खेल्ने गरेको पाइन्छ । खेल्नका लागि राम्रो खेलमैदान नहुँदा लोकमार्गमै खेल खेल्दा दुर्घटनाको जोखिम पनि उत्तिकै छ ।

बागलुङमा अहिलेसम्म पनि व्यवस्थित खेलमैदान नहुँदा यहाँका हजारौँ बालबालिका र खेलाडीलाई खेल्ने र सिक्ने वातावरण राम्रो छैन । यद्यपि बागलुङबाट राष्ट्रियस्तरका खेलाडी धेरै छन् । जिल्ला सदरमुकामस्थित बाङ्गेचौर खेलमैदान, तमानखोलाको तमान मिनी रंगशाला र बुर्तिबाङमा रहेको उत्तर गंगाक माविको खेलमैदानबाहेक अन्य ठाउँमा पर्याप्त खेल्ने ठाउँ छैन । जिल्लाका सबै पालिकामा व्यवस्थित खेलमैदान हुनुपर्ने हो तर सरोकारवाला निकायले खेल क्षेत्रलाई उपेक्षामा पारेको खेलाडीहरूको गुनासो छ । हरेक वर्ष पालिकाले सञ्चालन गर्ने राष्ट्रपति



रनिङ शिल्डलगायतका प्रतियोगितात्मक कार्यक्रम कि सडकमा कि विद्यालयको प्रांगणमा गर्दै आएका छन् । जसले गर्दा सडकमा दुर्घटना हुने जोखिम बढेको छ भने विद्यालयमा पढाइ रोकेर कार्यक्रम गर्नुपर्ने अवस्था छ ।

हरेक वर्ष पालिकाहरूले सञ्चालन गर्ने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता गर्दा खेलमैदानको अभाव भोग्दै आए पनि व्यवस्थापन गर्नतर्फ कसैले चासो दिएका छैनन् । विद्यालय र गाउँपालिकामा व्यवस्थित खेलमैदान नहुँदा वर्षौंदेखि आफूहरू सडकमै खेल खेल्ने र अभ्यास गर्ने गरेको निसीखोला गाउँपालिका-५ का विमल घर्ती मगरले बताउनुभयो । उहाँले विद्यालयले दौड, कबड्डीलगायतका खेल लोकमार्गमा खेलाउने गरेको भन्दै समय-समयमा विद्यार्थीहरू लडेर चोटपटक लाग्ने गरेको सुनाउनुभयो ।

उहाँले भन्नुभयो, 'स्कुलको खेलमैदानबाहेक अन्य ठाउँमा पनि व्यवस्थित खेलमैदान हुनुपर्ने हो तर कतै पनि छैन, हाम्रो निसीखोलामा धेरै मेला महोत्सव लाग्छन्, ती मेला महोत्सव सबै विद्यालयमा लाग्ने गर्छन्, त्यसले गर्दा धेरै दिन स्कुल बन्द हुन्छ, मेलाले गर्दा पढाइ रोकिने समस्या धेरै वर्ष पहिले देखियो, स्थानीय सरकार छ तर अहिलेसम्म राम्रो खेलमैदान बनाउन सकेको छैन, खेल क्षेत्रको विकासका लागि लगानीसमेत गरेको पाइँदैन ।'

निसीखोला गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले अहिलेसम्म पालिकामा खेलमैदान निर्माण नभएको जानकारी दिनुभयो । यस वर्ष गाउँपालिकाले वडा नम्बर ७ को नरसिंहकोटमा पालिकास्तरीय खेलमैदान बनाउने गरी निर्णय गरेको भन्दै आगामी वर्ष बजेट विनियोजन गरेर निर्माण गर्ने गौतमको भनाइ छ । खेल क्षेत्रको प्रवर्द्धनका लागि पालिकाका विभिन्न ठाउँमा खेलमैदान आवश्यक रहेको छ, निर्माणका लागि योजना बनाएको उहाँ बताउनुहुन्छ ।

जिल्लाको ढोरपाटन नगरपालिका, बडिगाड गाउँपालिका, काठेखोला गाउँपालिका, बरेङ गाउँपालिका, जैमिनी नगरपालिकामा पनि व्यवस्थित खेलमैदान बन्न सकेका छैनन् । गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले पालिकाको ग्रामीण क्षेत्रमा खेलमैदान भए पनि बजार आसपासमा नभएको बताउनुभयो । बजार क्षेत्रमा जग्गा व्यवस्थापन गर्न समस्या भएको हुँदा विद्यालयहरूमै कार्यक्रमहरू गर्दै आएको उहाँको भनाइ छ । नगरपालिकाको वडा नम्बर १ दुदिलाभाटी, वडा नम्बर ८ को काँडबास र वडा नम्बर ११ को रिघामा खेलमैदान रहेको भण्डारीले बताउनुभयो ।

'गलकोट नगरपालिकामा खेलमैदान नभएका होइनन्, गाउँका केही ठाउँमा छन् तर पालिकास्तरीय कार्यक्रम गर्नुपर्दा बजारमै खेलमैदान नहुँदा नजिकका विद्यालयहरूमा गर्ने गरेका छन्, यस क्षेत्रमा धेरै युवा र बालबालिकाले भलिबल खेलप्रति बढी चासो देखाउने गरेका छन्, त्यसले गर्दा जग्गा पाइने ठाउँहरूमा खेलमैदान बनाउने गरी काम गरेका छौँ,' उहाँले भन्नुभयो, 'विद्यालयमा पनि व्यवस्थित खेलमैदान जरुरी हुन्छ, नगरपालिकाले साँघुरा र अप्ठ्यारा मैदानलाई व्यवस्थित बनाउने तयारीमा छ ।'

# रुविनाको कप्तानीमा कोशीको टोली घोषणा

**हिमालय टाइम्स**

काठमाडौं, ४ पुस

नेपाली क्रिकेट टोलीकी पूर्वकप्तान रुविना क्षेत्रीको कप्तानीमा कोशी प्रदेशले बिहीबारदेखि काठमाडौंमा सुरु हुने प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय प्रतियोगिता खेल्ने भएको छ । कोशीले घोषणा गरेको टोलीमा बन्दना राजवंशी, रिया शर्मा र विमला महता हुनुहुन्छ ।

कोशीको टोलीमा रुविना क्षेत्रीसँगै काजोल श्रेष्ठ, अप्सरी बेगम, संगीता राई, सवनम राई, रिया शर्मा, विमला महता, लखिता राजवंशी, वन्दना राजवंशी, नमिता श्रेष्ठ, सनु राजवंशी, काजोल राजवंशी, एलिसा खडिया र निशा शाह हुनुहुन्छ । यस्तै, यसअघि किरण कुँवरको कप्तानीमा कर्णाली प्रदेशले पनि टोली घोषणा गरेको छ । घोषणा गरिएको टोलीमा किरणसँगै युवा अलराउण्डर अञ्जु गुरुङ, विना थापा र तिर्सना विश्वकर्मालगायतका खेलाडीहरू हुनुहुन्छ ।

कर्णालीले पहिलो खेल बिहीबारदेखि कोशी प्रदेशसँग मूलपानीमा खेल्दै सुरुवात गर्नेछ । कर्णालीको टोलीमा किरणकुमारी कुँवर (कप्तान), अञ्जु गुरुङ, विना थापा, तिर्सना विश्वकर्मा, एञ्जिला थापा, रमा विश्वकर्मा, यमुना



थारु, निकिता धमला, निलम शाही, विमला बुढाथोकी, सुराती बुढा, रक्षा खड्का, गौरी बोहरा र करिश्मा शाही रहनुभएको छ ।

यस्तै मधेश प्रदेशले अनुभवी बलर कविता गौतमको कप्तानीमा टोली घोषणा गरेको छ । घोषणा गरिएको टोलीमा नेपाली क्रिकेट टोलीका अलराउण्डर विवेक यादवकी बहिनी साक्षी यादव पनि हुनुहुन्छ । साक्षीले शीर्षक्रममा ब्याटिङसँगै तीव्रगतिमा बलिङ पनि गर्नुहुन्छ ।

मधेशको टोलीमा कविता गौतम (कप्तान), अनुराधा चौधरी, एलिसा यादव, प्रतिमा शाह, साना प्रविन, सवनम खातुन, मिना महतो, पूजा महतो, साक्षी यादव, रोजी कडारी, भूमि सिंह, आरती महतो, सरस्वती चौधरी र चान्दानी खातुन हुनुहुन्छ । यस्तै वैकल्पिक खेलाडीमा सीमा कुँवर, मोनिका शाह, अमिशा पटेल र अर्चना चौधरी रहनुभएको छ ।

मधेशले बिहीबार टियु क्रिकेट मैदानमा बागमती प्रदेशसँग खेल्दै प्रतियोगिता सुरुवात गर्नेछ । पुस ६ गते नेपाल एपिएफ क्लबसँग टियुमा खेल्नेछ । सबै टोलीले एकअर्कासँग खेलेर शीर्ष चारमा पर्न सके प्लेअफ खेल्नेछन् ।

पिएम कप महिला पुस ५ देखि १७ गतेसम्म मूलपानी र टियु क्रिकेट मैदानमा हुनेछ । प्रतियोगितामा सात प्रदेश र नेपाल एपिएफ क्लबको सहभागिता रहनेछ । पहिलोपटक राउण्ड रोबिनका आधारमा खेल हुनेछ । सबै टोलीले एकअर्कासँग खेल्नेछन् । शीर्ष चार टोली प्लेअफमा पुग्नेछन् ।

शीर्ष दुई टोलीले पहिलो क्वालिफायर खेल्नेछन् । विजेता टोली फाइनलमा पुग्दा पराजित हुने टोलीले दोस्रो क्वालिफायर खेल्ने अवसर पाउनेछ । एलिमिनेटरमा तेस्रो र चौथो स्थानमा रहने टोली भिड्नेछन् । एलिमिनेटरको विजेताले पहिलो क्वालिफायरमा पराजित हुने टोलीसँग फाइनलमा पुग्न प्रतिस्पर्धा गर्नेछ ।

# सुमित र सुरोजको जोडी दोस्रो चरणमा

**हिमालय टाइम्स**

काठमाडौं, ४ पुस

बालकुमारी रिमिक्स क्लबका सुमित महर्जन र सेनाका सुरोज महर्जनको जोडी ललितपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा भएको दोस्रो मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता २०८० को दोस्रो चरणमा प्रवेश गरेका छन् । उच्च २० वरीयताबाहेकका पुरुष युगलमा महर्जन जोडीले जोरपाटी ब्याडमिन्टन क्लबका सञ्जीव कटवाल र केदार सुवेदीको जोडीलाई २१-७, २१-३ ले पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेका हुन् । बालकुमारी रिमिक्स क्लबको सहआयोजनामा भएको प्रतियोगिताको अर्को खेलमा दथुलँका रत्न बज्राचार्य र सुजन शाक्यको जोडीले पनि आफ्ना प्रतिद्वन्द्वी सुनाकोठीका अनिलकुमार महर्जन र राजकृष्ण महर्जनको जोडीलाई २१-१२, १७-२१, २३-२१ ले पराजित गर्दै दोस्रो चरण प्रवेश गर्‍यो ।

रिमिक्स क्लबको आफ्नो कोर्टमा भएको प्रतियोगिताको बुधबार दोस्रो चरण प्रवेश गर्नेमा सेनाका सूर्य महर्जन र सुप्रिम पन्थको जोडी सैबु ब्याडमिन्टन क्लबका मधुसुदन थापा र शैलेन्द्र थापाको जोडीलाई २१-७, २१-१३, हेमरिकका मनिषवीर बज्राचार्य निशेषराज शाक्यको जोडीले बालकुमारीका क्यारोन महर्जन र रमन महर्जनको जोडीलाई २२-२०, १४-२१, २१-१९, एपिएफका प्रनिशसिंह ठकुरी र सुजन थापाको जोडीले नमुना ब्याडमिन्टन क्लबका रामप्रसाद चौधरी र अशोककुमार खातीको जोडीलाई २१-१२, २१-१५, ललितपुर वडा नं. ६ का गौतम शाक्य र सञ्जय शाक्यको जोडीले एपिएफका प्रदीप सोती र आरुष सिंखडाको जोडीलाई २१-८, २१-१७ लाई पराजित गर्‍यो ।

बालकुमारीका दिप्रिसमुनि बज्राचार्य र शान्ता डंगोलको जोडीले कोन्तीका निराजन खड्गी र रितेश खड्गीको जोडीलाई २१-१३, २१-१२, एपिएफका अमन महर्जन र अनिल मल्लको जोडीले सेनाका कविर केसी र लक्ष्मण



रानाको जोडीलाई १५-२१, २२-२०, २१-९, सैबु ब्याडमिन्टन क्लबका सनबहादुर राई र कमल तामाङको जोडीले भैंसेपाटीका बुद्धिमान बुढाथोकी र दिनेश ठकुरीको जोडीबाट वाकओभर, जोरपाटी ब्याडमिन्टन क्लबका लोक लामा र लक्ष्मण सुनुवारको जोडीले हरिसिद्धिका साजन महर्जन र सञ्जीव महर्जनको जोडीलाई २१-११, २१-९, चाकुपाटका सुमन शाक्य र जुवान तण्डुकारको जोडीले ललितपुर वडा नं. ६ का रोजल शाक्य र सुमेध शाक्यको जोडीलाई २३-२१, २५-२३ लाई पराजित गरेको छ । बालकुमारीका दिपेन महर्जन र भुवन श्रेष्ठको जोडीले कैलालीका सन्देश पाण्डे र सुवास साउदको जोडीलाई २१-११, २१-१६, चासिडोल ब्याडमिन्टन क्लबका राम लामा र साजन महर्जनको जोडीले बुङ्गमतीका विनेश महर्जन र कवि तुलाधरको जोडीलाई २१-१९, १४-२१, २१-१२, मानभवनका विभोर लामा र जय राईको जोडीले सुनाकोठीका रविन्द्र महर्जन र राकेश महर्जनको जोडीलाई २१-१८, २१-१६ ले पराजित गर्‍यो ।

यसैगरी कीर्तिपुरका निखिल भट्ट र सेनाका सन्तोष पनेरुको जोडीले बालकुमारीका श्याम महर्जन र दथु राईको जोडीलाई २१-११, २१-११, एपिएफका जोसेफ अधिकारी र भोजबहादुर गुरुङको जोडीले क्लब ७ का सुमन महर्जन र उज्ज्वल शाक्यको जोडीलाई २१-११, २१-१३, एपिएफका सोम्बर चौधरी र विशाल प्रधानको जोडीले हेमरिकका सिद्धार्थ महर्जन र राकेश शाक्यको जोडीलाई १८-२१, २१-१५, २१-१४, चन्द्रागिरिका माधव ढकाल र प्रनिश ढकालको जोडीले माउण्ट ओलिभ स्कुलका सुमन मावो लिम्बू र रिजन याम्फुको जोडीलाई २१-१८, २१-१७, जोरपाटी ब्याडमिन्टन क्लबका दिवस पाण्डे र युवराज तामाङको जोडीले काठमाडौंका आयुश साम्ला र आयुष्मान श्रेष्ठको जोडीलाई २१-१७, २१-१७ ले पराजित गर्दै दोस्रो चरणमा स्थान पक्का गरे ।

पाँच दिनसम्म सञ्चालन हुने प्रतियोगितामा पुरुष एकल, महिला एकल, यू-१७ छात्र तथा छात्रा एकल, नेपाल ब्याडमिन्टन संघको शीर्ष २० वरीयताबाहेकको पुरुष युगल र ४५ वर्षमाथिको भेट्रान्स युगल (खुला) गरी ६ विधामा प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा पुरुष एकल र महिला एकलतर्फ विजयी खेलाडीहरूले नगद ४० हजारका साथै मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन् । यस्तै उपविजयी खेलाडीहरूले नगद २० हजारका साथ मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन् । यस्तै तेस्रो स्थान प्राप्त गर्ने दुई खेलाडी प्रत्येकले नगद १० हजारका साथ मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन् ।

यसैगरी पुरुष युगलतर्फका विजयी जोडीले नगद ४० हजार, उपविजयी जोडीले नगद २० हजार र तेस्रो स्थान प्राप्त गर्ने प्रत्येक जोडीले नगद १० हजारसहित मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन् । यू-१७ छात्र/छात्रा तथा भेट्रान्स युगलतर्फका विजयी खेलाडीहरूले नगद २० हजार, उपविजयीले नगद १० हजार र तेस्रो स्थान प्राप्त गर्ने खेलाडीहरूले नगद पाँच हजार मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिताको खर्च करिब ३० लाख रहेको छ । प्रतियोगितामा २६७ खेलाडीहरूले विभिन्न ६ स्पर्धामा प्रतिस्पर्धा गर्ने रेफ्री अनुपरत्न शाक्यले जानकारी गराउनुभयो ।

# दक्षिण एसियाली स्केटबोर्ड आजदेखि

**हिमालय टाइम्स**

बुटवल, ४ पुस

नेपाल स्केटबोर्ड तथा स्केट बोर्डिङ संघ तथा स्केट एड नेपालको संयुक्त आयोजनामा पाँचौं दक्षिण एसियाली स्केटबोर्ड प्रतियोगिता तथा स्केट जात्रा बिहीबारदेखि बुटवलमा हुने भएको छ । प्रतियोगिताको यो दोस्रो संस्करण हो भने स्केट जात्राको पाँचौं संस्करण हो ।

प्रतियोगितामा दक्षिण एसियाका नेपालसहित भारत, बंगलादेश, श्रीलंका, भुटान, पाकिस्तान र माल्दिभ्स तथा आमन्त्रित राष्ट्रमा म्यान्मार र थाइल्याण्ड गरी नौ राष्ट्रको सहभागिता रहने आयोजक संघका अध्यक्ष अच्युत खनालले जानकारी दिनुभयो । नेपालबाट १०० खेलाडीको सहभागिता रहने बताइएको छ । बाँकी प्रत्येक राष्ट्रबाट ४० खेलाडीलाई आमन्त्रण गरिएको संघले जनाएको छ । पहिलो दिन छनोट चरणका खेलहरू हुनेछन् । छनोट चरणबाट प्रत्येक राष्ट्रबाट १६ खेलाडी सेमिफाइनलमा प्रवेश गर्नेछन् । सेमिफाइनलबाट प्रत्येक राष्ट्रबाट आठ खेलाडी उपाधि होडमा प्रवेश गर्नेछन् । पुरुष/महिलामा गेम्स अफ स्केटबोर्ड र बेस्ट रन स्पर्धामा प्रतिस्पर्धा हुनेछ । दुवैको स्पर्धा प्रदर्शनका आधारमा शीर्ष तीन स्थान हात पार्ने खेलाडीको टुंगो लगाइनेछ । पुरुष/महिला दुवैमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः एक हजार अमेरिकी डलर, ५०० अमेरिकी डलर र २५० अमेरिकी डलर नगद पुरस्कार प्राप्त गर्नेछन् । तीनदिने प्रतियोगिताका खेलहरू बुटवलको तिलोत्तमास्थित डुंगा स्केट पार्कमा खेलाइने




आयोजक संघका उपाध्यक्ष एवं प्रतियोगिता संयोजक जागृत पहाडीले जनाउनुभएको छ ।

# कृष्णप्रसाद भट्टराई स्मृति राष्ट्रिय कराँते माघमा

**काठमाडौं/हिटा ।** नेपाल सितोरियो कराँते संघ, जिल्ला प्रमुख डोजो, लगनखेलको आयोजनामा तेस्रो कृष्णप्रसाद भट्टराई स्मृति राष्ट्रिय कराँते प्रतियोगिता माघ १८ गतेदेखि हुने भएको छ । प्रतियोगितामा सात प्रदेश तथा तीन विभागीय टोली (नेपाल आर्मी, नेपाल प्रहरी, नेपाल एपिएफ क्लब) गरी १० टिमका २१० खेलाडीको सहभागिता रहने मंगलबार आयोजित पत्रकार सम्मेलनमा आयोजक डोजोका अध्यक्ष दीपक श्रेष्ठले जानकारी गराउनुभयो । प्रत्येक टिमले २१ खेलाडी सहभागी गराउन पाउनेछन् ।

एकल र टिम कातासहित पुरुषमा नौ र महिलामा आठ गरी जम्मा १७ स्पर्धामा खेल हुनेछ । टिम च्याम्पियनले एक लाख तथा उपविजेताले ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । पुरुष/महिलामा उत्कृष्ट हुने खेलाडीलाई जनही २५ हजार नगदबाट पुरस्कृत गरिने जनाइएको छ ।

आयोजक र गोदावरी नगरपालिकाबीच चार संस्करण प्रायोजन गर्ने पूर्वसहमति बमोजिम तेस्रो संस्करणका लागि पनि मंगलबारै सम्झौता पत्रमा हस्ताक्षर भएको छ । आयोजकका अध्यक्ष श्रेष्ठ र गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो । सम्झौताअनुसार मुख्य प्रायोजक गोदावरी नगरपालिकाले १५ लाख सहयोग गर्नेछ

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८०/०९/०५**

यस आयोजनाबाट आह्वान भएका निर्माण कार्यहरुको लागि दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा तपशिल बमोजिमका बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही रहेकोले सा.ख.ऐन, २०६३ को दफा २७ को (२) बमोजिम उक्त बोलपत्रहरु स्वीकृत गर्ने आशय जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र. सं. | कामको विवरण (Contract ID) | बोलपत्रदाता | कबोल अंक (मू.अ.कर समेत) |
|---|---|---|---|
| १ | PUDBC/PARSA/WORKS/NCB/06/2080/81 | Sidhartha Nirman Sewa, Bara | ३२,३४,५९८.७३ |
| २ | PUDBC/PARSA/WORKS/NCB /07/2080/81 | Rajdevi Construction, Rautahat | २७,७६,१५०.४४ |
| ३ | PUDBC/PARSA/WORKS/NCB /08/2080/81 | Rajdevi Construction, Rautahat | २५,६५,२८६.१५ |
| ४ | PUDBC/PARSA/WORKS/NCB /09/2080/81 | Syaran B.G. Construction Pvt. Ltd, Parsa | २९,७०,७५३.०५ |
| ५ | PUDBC/PARSA/WORKS/NCB /10/2080/81 | Sagar Construction, Bara | ४७,१७,३७१.१० |
| ६ | PUDBC/PARSA/WORKS/NCB /11/2080/81 | Siddhartha Nirman Sewa, Bara | २८,३१,९५२.३३ |

## जिडब्लुएमको विन्टर अफर

**काठमाडौं ।** नेपालमा जिडब्लुएम सवारीसाधनको आधिकारिक बिक्रेता भिजी इम्पेक्स प्रालिले लक्जरी, सेभिङ साथै अन्य फाइदाका साथ विन्टर अफर ल्याएको छ । कम्पनीका अनुसार अफर लक्जरी ड्राइभको आनन्द लिन चाहने कार पारखीलाई विशेष अनुभव प्रदान गर्न डिजाइन गरिएको हो ।

अफरमार्फत् विद्युतीय सवारीसाधनका पारखीले जिडब्लुएमका प्रिमियम र परिष्कारको अनुभव लिन सक्नेछन्, जसमा तीन लाखसम्म फाइदा रहेको छ । ९.४९ लाखको डाउन पेमेन्टमा रेट्रो-मोर्डनिस्टिक ओरा ०३ इभीले वातावरणीय चेतनासँग अत्याधुनिक प्रविधिको संयोजनसहितको पहिले अनुभव नगरिएको ड्राइभिङ अनुभव प्रदान गर्ने कम्पनीको दाबी छ ।

कम्पनीको गियर अप फर ग्रेट डिल्स अफरका साथ ग्राहकले जिडब्लुएमका प्रिमियम एसयुभीमा आकर्षक नगद छुट, एक्सचेन्ज बोनस, फ्री एक्सेसरिज र नि:शुल्क बिमासहित धेरै सुविधा पाउन सक्ने बताइएको छ ।

## नबिलको डिबेन्चरमा मागभन्दा बढी आवेदन

**काठमाडौं ।** नबिल बैंकले तीन अर्ब रुपैयाँ बराबरको ऋणपत्र निस्कासन तथा बिक्री बन्द गरेको छ । बैंकले २९ मंसिरदेखि ३ पुससम्मको समय राखेर आवेदन खुलाएकोमा मागभन्दा बढी आवेदन परेका छन् । प्रतिकित्ता एक हजार रुपैयाँका दरले ३० लाख कित्ता ऋणपत्र निष्कासन गरिएकोमा पहिलोपटक दिएको समयमै सबै डिबेन्चर बिक्री भएको बैंकले जनाएको छ ।

बैंकले बिक्रीमा ल्याएको कुल ३० लाख कित्ता ऋणपत्रमध्ये एक अर्ब २० करोड बराबरका १२ लाख कित्ता सर्वसाधारणलाई र एक अर्ब ८० करोड बराबरका १८ लाख कित्ता व्यक्तिगत तवरबाट बिक्री खुला गरेको थियो ।

बैंकका अनुसार सर्वसाधारणलाई छुट्याएको १२ लाख कित्तामध्ये पाँच प्रतिशत अर्थात् छ करोड बराबरका ६० हजार कित्ता सामूहिक कोषका लागिसमेत समावेश गरिएको थियो । सातवर्षे ऋणपत्रमा लगानीकर्ताले नौ प्रतिशत ब्याजदर पाउनेछन् ।

## लेखनाथ महोत्सवको प्रायोजक इको रेड ब्रिक्स

**काठमाडौं ।** बिहीबारदेखि सुरु हुने लेखनाथ महोत्सवको मुख्य प्रायोजक पोखरा इको रेड ब्रिक्स प्रालि बनेको छ । महोत्सव लेखनाथ उद्योग वाणिज्य संघको आयोजनामा हुन लागेको हो । संघका अध्यक्ष विनोद श्रेष्ठले पोखरा-२७ मा हुने १९औँ संस्करणको लेखनाथ महोत्सवमार्फत् स्थानीय उत्पादन, पर्यटन र उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिने बताउनुभयो । महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लघु, घरेलु, साना-ठूला औद्योगिक तथा व्यापारिक प्रतिष्ठानका वस्तु तथा सेवा, हस्तकला, यातायात साधन, कृषि तथा पशुजन्य वस्तु बिक्री तथा प्रदर्शनीमा राखिने आयोजकले जनाएको छ ।

सह-प्रायोजकमा पशुपति बिस्कुट र हेटौँडा डेरी, फुड फेस्टिभल प्रायोजकमा न्यूट्रिप्लस शुद्ध तोरीको तेल र प्रवर्द्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड रहेका छन् । महोत्सव पुस १६ गतेसम्म सञ्चालन हुने बताइएको छ ।

## क्लियरिङ हाउसको अध्यक्षमा पौडेल



**काठमाडौं ।** नेपाल क्लियरिङ हाउस लिमिटेडको सञ्चालक समिति बैठकले रामु पौडेललाई अध्यक्षमा चयन गरेको छ । उहाँले नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रसँग अध्यक्ष पदको शपथ लिनुभएको छ । राष्ट्र बैंकभित्र हालै भएको विभिन्न विभागीय परिवर्तनपछि क्लियरिङ हाउसमा गरिँदै आएको प्रतिनिधित्वसमेत परिवर्तन भएको हो । पौडेलसँग केन्द्रीय बैंकका विभिन्न विभागमा २२ वर्षभन्दा बढी काम गरेको अनुभव रहेको छ ।

## भूकम्प पीडितलाई इन्फिनिटीको सहयोग



**काठमाडौं ।** इन्फिनिटी लघुवित्त वित्तीय संस्थाले संस्थाको शाखा कार्यालय थारमारे सल्यान आबद्ध समूह नम्बर ०७६,०७७,०७८,०८०,०८१ का ग्राहक सदस्यका परिवारमा भूकम्पले घर, गोठलगायत धनजन क्षति पुऱ्याएकोमा सो स्थानका ५२ घरपरिवारका सदस्यलाई आर्थिक राहत वितरण गरेको छ । पश्चिम रुकुम जिल्लाको त्रिवेणी गाउँपालिका-९ को रुकुम पेउघामा कार्यक्रमको आयोजना गरी संस्थाकी सदस्य गीता नेपालीको अध्यक्षतामा त्रिवेणी १० का वडाध्यक्ष सेरमन खड्काका साथै सोही गाउँपालिका-९ नुवाकोट प्रहरी चौकीका हवल्दार तोपबहादुर खड्का र सहायक प्रहरी हवल्दार शेरबहादुर शाहीको उपस्थितिमा आर्थिक सहयोग प्रदान गरिएको संस्थाले जनाएको छ ।

## टिभिएस आइक्युब एक्सचेन्ज सुरु




**पोखरा ।** टिभिएसको नेपालस्थित आधिकारिक बिक्रेता जगदम्बा मोटर्सले पोखराको न्युरोडस्थित सिटी स्क्वायर ब्याङ्केटमा टिभिएस आइक्युब एक्सचेन्ज एक्ट्राभगान्जा सुरु गरेको छ ।

एक्सचेन्ज एक्ट्राभगान्जामा ग्राहकले कुनै पनि बाइक वा स्कुटरसँग आइक्युब एक्सचेन्ज गर्दा २५ हजारसम्मको थप भ्यालुएसनका साथै शून्य ब्याजमा टिभिएस आइक्युब खरिद पनि गर्न सक्ने कम्पनीले जनाएको छ ।

त्यस्तै जम्मा एक लाख सात हजार डाउन पेमेन्टमै टिभिएस आइक्युब खरिद गर्न सकिने पनि कम्पनीले जनाएको छ । एक्सचेन्ज क्याम्पमा ग्राहकले फ्री एक्सेसोरिज र फ्री राइडको मजा लिन सक्नेछन् । टिभिएसले नेपालमा पहिलो इलेक्ट्रिक स्कुटर आइक्युब नाडा अटो शोमा लन्च गरेको थियो । एक्सचेन्ज एक्ट्राभगान्जा पुस ६ गतेसम्म टिभिएसको पोखराको आधिकारिक डिलर बतास ब्रदर्स प्रालिले सञ्चालन गर्नेछ ।

## नयाँ मदिरा ब्राण्ड 'एरिष्टोक्र्याट'



**काठमाडौं ।** नेपालको पहिलो मदिरा उत्पादक कम्पनी 'दि नेपाल डिस्टिलरिज'ले ४० युपी सेगमेन्टको प्रिमियम मदिरा ब्राण्ड 'एरिष्टोक्र्याट' बजारमा ल्याएको छ ।

उच्चकोटिको नेपाली ग्रेन स्पिरिट र स्कटिस मल्टको सम्मिश्रणबाट यो मदिरा तयार गरिएको कम्पनीको दाबी छ । हल्का सुनौलो रङको यो ब्लेण्डमा मिठो सूक्ष्म भेनिला र हल्का ओकको सुगन्धको स्वादमा एक प्रिमियम ह्विस्कीजस्तै हल्का फ्रुटी नोटको अनुभव हुने बताइएको छ ।

कम्पनीका अनुसार कुनै पनि उत्कृष्ट मदिरामा पिउँदामात्र राम्रो नभएर पिइसकेपछि त्यसले दिने सुगन्ध अनि लामो अनुभव मुख्य गुण यो मदिराको प्रत्येक घुट्कोमा पाइन्छ । सर्वाधिक लोकप्रिय ब्राण्ड 'खुकुरी रम'को उत्पादक दी नेपाल डिष्टिलरिजका लागि विशेषरूपमा तयार गरिएको यस अद्वितीय बोतलको आकार ऐतिहासिक युरोपियन महलका स्तम्भबाट प्रेरित छ । यसको सन्तुलित आकार, सुगठित काँध र स्थिर पिँधले एक प्रिमियम मदिरा हुनुको समग्र छविलाई पूर्णता दिन्छ ।

उपभोक्ताको माग र आकर्षणलाई ध्यानमा राख्दै नेपाली मौलिक स्वादलाई कायमै राखी नयाँ उत्पादन तयार गरिएको कम्पनीका महाप्रबन्धक सुभाष लामिछानेले बताउनुभएको छ । लामिछानेका अनुसार ४० युपीको मदिरामा एबिभी(अल्कोहल मात्रा) ३४.२३ प्रतिशत रहेको हुन्छ । नेपाल डिस्टिलरिजले मुख्यरूपमा २५ र ३० युपीको मदिरा उत्पादन गर्दै आएको छ ।

## घरजग्गा मेला हुने

**काठमाडौं ।** नेपालमै पहिलोपटक बसोबास नेपालले घरजग्गा कारोबारको प्रवर्द्धनका लागि बसोबास प्रपर्टी इभेन्ट नामक रियलस्टेट मेला आयोजना गर्ने भएको छ । पुस ७ गते कुपण्डोलको होटल हिमालयमा हुने मेला समग्र घरजग्गा बजारको प्रतिनिधित्व गर्ने गरी




आयोजना हुन लागेको हो । मेलामार्फत् घरजग्गा खरिदकर्ता र ग्राहक दुवै पक्षलाई सहजता प्रदान गर्नुका साथै घरजग्गाको बजार अवस्था र ट्रेन्डबारे जानकारी गराउने आयोजकले जनाएको छ ।

मेलाका क्रममा प्रपर्टी खरिद गर्ने ग्राहकले एक करोडसम्मको छुटका साथै न्यूनतम मूल्यमा प्रपर्टी छुट दाबी गर्ने मौका पाउने बताइएको छ । बसोबास प्रपर्टी इभेन्टले बजारमा व्यवसायी तथा सेवाग्राहीले झेल्नुपरेको बेथितिसमेत कम गर्न मद्दत गर्ने बसोबास नेपालका कार्यकारी अधिकृत राजन अधिकारीले बताउनुभएको छ । बसोबास नेपाल घरजग्गा कारोबारलाई पारदर्शी र व्यावसायिक बनाउने उद्देश्यले स्थापित रियलस्टेट मार्केट प्लेस हो ।

# मर्यादित र आकर्षक श्रमका लागि पाँचवर्षे कार्यक्रम

**हिमालय टाइम्स**
काठमाडौं, ४ पुस




नेपालमा श्रमिकका लागि मर्यादित काम र आकर्षक अवसर प्रदान गर्न डिसेन्ट वर्क कन्ट्री नामक कार्यक्रम सञ्चालन हुने भएको छ । सरकार, अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), ट्रेड युनियन तथा रोजगारदाताले नेपालमा मर्यादित कामका लागि देशीय कार्यक्रम २०२३-२०२७ मा संयुक्त हस्ताक्षर गरेका छन् । आइएलओ नेपालले सबैका लागि मर्यादित काम सुनिश्चित गर्ने लक्ष्यका लागि सबैको भूमिका महत्त्वपूर्ण हुने जनाएको छ ।

कार्यक्रमले समावेशी रोजगारी, दिगो उद्यम, जीविकोपार्जन र सामाजिक सुरक्षालाई जोड दिनेछ । नेपालमा रोजगारीको अवसर न्यून हुँदा दैनिक एक हजारभन्दा बढी नेपाली विदेशिँदै आएको र आन्तरिक श्रमको अवस्था पनि निकै कमजोर र अमर्यादित भएकाले देशीय कार्यक्रममार्फत् रोजगारीको अवसर सिर्जना गर्नुपर्ने आवश्यकता आइएलओले औँल्याएको छ ।

आइएलओका अनुसार उक्त कार्यक्रमबाट तीनवटा मुख्य उद्देश्य हासिल हुनेछन् । सन् २०२७ सम्ममा समावेशी र मर्यादित कामका लागि दिगो उद्यमसाथ उत्पादनशील रोजगारी र सामाजिक सुरक्षाबाट धेरै मानिस लाभान्वित हुनेछन् । उक्त उद्देश्यमार्फत् मर्यादित रोजगारीका अवसर र ग्रिन जबलाई प्रवर्द्धनका लागि सुदृढ नीति र कार्यक्रम सञ्चालनका साथै उद्यमशीलता, दिगो उद्यमका लागि वातावरण सुधार हुनेछ । गुणस्तरीय रोजगारी सेवामा बढी पहुँच, सक्रिय श्रम बजार कार्यक्रम र श्रम बजारमा संक्रमणलाई समर्थन गर्ने आजीवन सिकाइ दृष्टिकोणका साथ सीप विकासमार्फत् दक्ष, अनुकूलनीय र उत्पादक श्रमशक्ति उत्पादन हुने बताइएको छ ।

रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले निजी क्षेत्र र ट्रेड युनियनसँग सहकार्य गरेर काम गर्दै आए पनि लक्ष्यअनुसारको नतिजा हासिल हुन नसकेको बताउनुभयो । अनौपचारिक क्षेत्रका कामदारलाई औपचारिक क्षेत्रमा ल्याउन नसकेको र १० वर्षअघि जुन अवस्था थियो, अहिले नेपाली श्रमबजार सोही अवस्थामा रहेको उहाँले बताउनुभयो ।

आइएलओसँग गरेको देशीय कार्यक्रमले कार्य वातावरण र भर्ना प्रक्रियालाई समावेशी बनाई नेपाली श्रम बजार प्रभावकारी हुने सचिव भण्डारीले विश्वास व्यक्त गर्नुभयो । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आइएलओसँगको देशीय कार्यक्रम हस्ताक्षर सरकार, रोजगारदाता र श्रमिक क्षेत्रका लागि कोशेढुंगा भएको बताउनुभयो । नेपाली बजारमा रोजगारीको अभाव र अवसर पनि न्यून रहेकोमा पछिल्लो सहकार्यले नेपालको रोजगारीमा नयाँ आयाम थपिने र मर्यादित हुने उहाँको भनाइ थियो ।

> सरकार, आइएलओ, ट्रेड युनियन तथा रोजगारदाताले नेपालमा मर्यादित कामका लागि देशीय कार्यक्रम २०२३-२०२७ मा संयुक्त हस्ताक्षर गरेका छन् ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष विनोद श्रेष्ठले सन् २०२३ देखि २०२७ सम्मको मर्यादित कामका लागि देशीय कार्यक्रम निकै महत्त्वपूर्ण रहेको बताउनुभयो । कोरोनालगायतका कारण नेपालको श्रम बजारमा निकै समस्या आएको, अनौपचारिक क्षेत्रमा काम गर्नेको संख्या बढ्दै गएको र रोजगारीको सुनिश्चितता घट्दै गएका सन्दर्भमा देशीय कार्यक्रम निकै प्रभावकारी हुन सक्ने उहाँको भनाइ थियो ।

नेपालका लागि आइएलओका निर्देशक नुमान ओजक्यानले देशीय कार्यक्रमले नेपालको श्रम बजार सुधार गर्न सहयोग पुऱ्याउने बताउनुभयो भने संयुक्त राष्ट्रसंघकी संयोजक हना सिंगर हान्डीले नेपालमा ब्रेन-ड्रेनको समस्या समाधानका लागि स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपालमा हरेक वर्ष पाँच लाख युवा श्रम बजारमा प्रवेश गर्छन् तर देशभित्र भनेजस्ता अवसर नहुँदा अधिकांश युवा अवसरको खोजीमा विदेशिन बाध्य छन् । वैदेशिक रोजगार विभागको पछिल्लो तथ्यांकअनुसार हरेक दिन दुई हजारको हाराहारीमा युवा रोजगारीको खोजीमा विदेशिने गरेका छन् ।

# विद्यमान बिमा पोलिसीमा व्यवसायीको आपत्ति




**हिमालय टाइम्स**
विराटनगर, ४ पुस

बिमा क्षेत्रको नियमनकारी निकाय नेपाल बिमा प्राधिकरणका अध्यक्ष एवं प्रतिनिधिसमक्ष विराटनगरका उद्योगी व्यवसायीले बिमासँग सम्बन्धित समस्याबारे ध्यानाकर्षण गराएका छन् । उद्योग संगठन मोरङ र प्राधिकरणको संयुक्त आयोजनामा बुधबार संगठनमा सम्पन्न बिमासम्बन्धी छलफल तथा अन्तरक्रियामा संगठनका अध्यक्ष राकेश सुरानाले उद्योग व्यवसाय क्षेत्र विषम परिस्थितिबाट गुज्रिरहेको वर्तमान समयमा विभिन्न बिमाको प्रिमियम शुल्कमा भइरहेको वृद्धिले उपभोक्ता थप मारमा परेको बताउनुभयो ।

उहाँले बिमा कम्पनीहरूले हाल बाढी, पहिरो, भूकम्प, आँधी तुफानलगायत अन्य धेरै प्रकारका जोखिमलाई एउटै डालोमा राखेर बिमा गर्न बाध्य बनाएको भन्दै उपभोक्ताले आफूलाई आवश्यक शीर्षकमात्र छनोट गर्न दिइनुपर्ने बताउनुभययो ।

अध्यक्ष सुरानाले लस अफ प्रफिट पोलिसीको प्रावधान नभएकाले ठूलो घाटा भइरहेको भन्दै उक्त पोलिसीको अबिलम्ब व्यवस्था गर्न, ट्रान्जिट इन्स्योरेन्सअन्तर्गत लिइने मेरिन पोलिसी र स्वदेशमा ढुवानीका लागी लिइने पोलिसी दरमा लगभग समान भएकाले परिवर्तन गर्न माग गर्नुभयो ।

त्यसैगरी कच्चा पदार्थ र मिल मेसिनरीलाई जोखिम प्रकृतिका आधारमा फरक-फरक वर्गीकरण गरी सोहीअनुरूप प्रिमियम लिने व्यवस्था गर्न र कृषिमा आधारित सबै दावी भुक्तानीको सरल व्यवस्था गर्न पनि उहाँले माग गर्नुभयो ।

बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्रिमियम शुल्क संशोधन गर्दै वस्तुको प्रकृतिका आधारमा गरिने भएकाले सबै प्रकारका प्रिमियम शुल्कमा नभई केहीमा बढी भएको बताउनुभयो । बिमाको कभरेजमा ग्याप नहोस् भनेर कतिपय पोलिसी एकीकृत गर्नुपरेको, डोमेस्टिक ट्रान्जिटका हकमा भोलुम कम हुनुका साथै प्रोपर्टी र ब्रेकडाउन पोलिसी एकैपटक लिनुपर्दा उपभोक्तालाई प्रिमियम शुल्क बढी पर्न गएको भन्दै उहाँले बिमाप्रति उपभोक्ताले विश्वास गर्नुपर्ने बताउनुभयो ।

> व्यवसायीले उद्योग व्यवसाय क्षेत्र विषम परिस्थितिबाट गुज्रिरहेको वर्तमान समयमा विभिन्न बिमाको प्रिमियम शुल्कमा भइरहेको वृद्धिले थप मार परेको गुनासो गरेका छन् ।

बिमा कम्पनीहरूमा रि-इन्स्युरेन्स गर्नुपर्दा ग्लोबल कम्पनीको शर्तसमेत पालना गर्नुपर्ने भएकाले कतिपय शीर्षकलाई एउटै बास्केटमा समावेश गर्नुपरेको उहाँको भनाइ थियो । बिमा प्राधिकरणमा पर्ने मुद्दाका सन्दर्भमा स्पष्ट पार्दै सिलवालले प्राधिकरणले मेलमिलाप तथा मध्यस्थताको माध्यमबाट वार्षिक सयभन्दा बढी बिमासम्बन्धी मुद्दा छिनोफानो गर्दै आएको पनि सिलवालले जानकारी गराउनुभयो ।

प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक राजुरमण पौडेलले बिमा कम्पनीहरूले अन्तर्राष्ट्रिय अभ्यासलाई आधार मानेर प्रिमियम दर संशोधन गर्दै आएको बताउनुभयो । तथापि बिमा कम्पनीले उपभोक्ताको अधिकार हनन् नहुने गरी सरल र सहज वातावरणमा क्लेम सेटलमेन्ट गर्नुपर्ने उहाँको जोड थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका कोशी प्रदेश, नेपाल उद्योग परिसंघ कोशी प्रदेश, विराट व्यापार संघ र नेपाल घरेलु तथा साना उद्योग महासंघ मोरङका प्रतिनिधिको सहभागिता रहेको थियो ।

## चौधरीलाई नाडा अध्यक्ष बनाउने सहमति



**काठमाडौं/हिटा ।** नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको अध्यक्ष करण चौधरीलाई बनाउने सहमति जुटेको छ । मंगलबार बसेको तीनजना उम्मेदवारबीचको बैठकले चौधरीलाई नै अध्यक्ष बनाउने सहमति जनाएको हो । नाडाका अध्यक्ष ध्रुव थापाका अनुसार नाडाको अध्यक्षका लागि उम्मेदवारी घोषणा गरेका आकाश गोल्छा र प्रकाश कपुरीको समर्थनमा चौधरी आगामी कार्यकालका लागि अध्यक्ष बन्नुहुने भएको हो । गोल्छा भने वरिष्ठ उपाध्यक्ष रहनुहुनेछ । अटोमोबाइल बजार अझै पनि आर्थिक मन्दीको चपेटामा रहेकाले अहिलेको अवस्थामा सहमतिमा नेतृत्व लिन आवश्यक भएको अध्यक्ष थापाले बताउनुभयो । राज्यस्तरबाटै अटोमोबाइल क्षेत्रलाई चलायमान बनाउन चुनौती थपिएको अवस्थामा आगामी नेतृत्वलाई यसमा समन्वय गर्न थप चुनौती रहेको उहाँको भनाइ थियो । पुस २० र २१ गते हुने नाडाको ४७औँ साधारणसभाबाट चौधरी अध्यक्षमा निर्विरोध निर्वाचित हुने बताइएको छ ।




इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल